# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (दशौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

## मितिः २०७९।०२।२७ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर १७ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू,अब मिति २०७९ साल जेठ २४ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आ.व. ०७९/८० को नीति तथा कार्यक्रमको छलफलमाथिको बाँकी छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्ना भनाई राख्न समय दिन्छु ।

**माननीय सभामुख**

सर्वप्रथम माननीय सदस्य नर देवी पुनलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य विष्णु प्रसाद लामिछाने ।

**माननीय नर देवी पुन**

माननीय सभामुख महोदय, हामी सरकारले ल्याएको २०७९/८० को नीति र कार्यक्रमको विषयमा छलफल गरिरहेका छौं र मैले पनि यसको अध्ययन गरें । नीति र कार्यक्रम अध्ययन गर्दा हाम्रो बजेट अनुसार ठोस नीति र कार्यक्रम भेटिन । नीति र कार्यक्रममा जति विषय समेटिएको छ, सबैलाई बजेट राख्न सकिन्छ सरकार ? धेरैजसो निःशुल्क

उपचार, अनुदान सहजीकरण र समन्वय जस्ता शब्दहरु रहेका छन् । त्यसैले यो नीति र कार्यक्रम गठवन्धनको सरकारको घोषणा पत्र हो भन्ने मेरो दावी मेरो छ । निम्न बुँदामा तथ्यहरु राख्न चाहन्छु ।

बुँदा नं. ३९ वर्दघाट सुस्तापूर्वमा नेपाल विश्वविद्यालय स्थापना गर्न सहजीकरण गरिने छ। यो नीति हुन सक्दैन, नीति र कार्यक्रममा भेद छुट्याउन सक्नुपर्छ सरकार । अनावश्यक वाक्यांशले नीति र कार्यक्रमको पाना भरिएको छ ।

बुँदा नं. ७२ छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीले अध्ययन पश्चात् निश्चित समय प्रदेशमा सेवा दिनु पर्ने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिने छ भनिएको छ । छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरुले अध्ययनपछि नेपाल सरकारले खटाएको प्रदेशहरुमै गएर सेवा गर्ने गरेका छन् । त्यसैले सरकारले यस्ता विषयलाई नीति र कार्यक्रममा ल्याउन आवश्यक छैन भन्ने मेरो ठहर मेरो छ ।

बुँदा नं. ८१ अपांगता ग्रामको पूर्वाधार निर्माणको कार्य अगाडि बढाइने छ भन्ने शब्द छ, वाक्यांक छ । यो सरकार गठन भएपछि १ रोपनी जग्गा पनि प्राप्ति गरेको जानकारी हामीलाई छैन । तर अपांगता ग्रामको पूर्वाधार निर्माणको कार्य अगाडि बढाउने नीति लिएको छ । यो सरकारले कागजको पानामा पूर्वाधार निर्माण गर्छ कि क्या हो ? होइन भने अपांगता ग्रामको पूर्वाधार निर्माण गर्न कहाँ कति जग्गा प्राप्ति गरिएको छ ? सभामुख मार्फत सरकारको उत्तर चाहन्छु ।

बुँदा नं. ८३ सहयोगार्थी समावेसी सडक आश्रित मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिइने छ भन्ने वाक्यांश छ । यसमा मानव सेवा आश्रममा आश्रितहरुको बिचमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने र सामाजिक तथा आर्थिक सुधारका कार्यक्रम राखिएको छ । तर मानव सेवा आश्रमको भौतिक पूर्वाधारको कार्य सम्पन्न भएको छैन । त्यसैले यसमा भौतिक पूर्वाधार निर्माणको विषयलाई पनि समेटिन आवश्यक छ भन्ने कुरा म राख्न चाहन्छु । स्थानीय तह र विभिन्न सरोकारवाला संघसंस्थाहरुसँगको सहकार्यमा सामुदायिक विद्यालयलाई सवारी साधन उपलव्ध गराउने नीति लिइने छ भन्ने वाक्यांश छ। यो सरकारले आफ्नो नीतिमा आफ्नो आर्थिक हैसियत अनुसारको ठोस कार्यक्रम बनाउनु पर्ने हो तर स्थानीय तह र संघसंस्थाहरुको सहकार्य गराउने विषय

राखेको छ । यसैबाट प्रष्ट हुन्छ सरकार कुन दिशामा अगाडि बढ्दै छ । अघिल्लो सरकारले फेदीखोला गाउँपालिका वडा नं. २ घुर्जुङको स्याङ्जामा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको लागि १६२ रोपनी जग्गा प्राप्ति गरेको थियो तर यो सरकारले उक्त जग्गामा भौतिक पूर्वाधार निर्माणको विषय आफ्नो नीतिभित्र पारिएको छैन र पारिनु जरुरी पर्छ भन्ने म राख्न चाहन्छु । शिक्षा तालिम केन्द्रलाई प्रदेशको शैक्षिक जनशक्तिको विकासको केन्द्र तथा अनुसन्धान केन्द्र बनाउन भौतिक पूर्वाधार विकास गर्ने विषय छ । शिक्षा तालिम केन्द्रलाई विस्तार गर्ने र शिक्षकको क्षमताको विकासमा केन्द्रित गर्न आवश्यक छ । तर अनुसन्धानको विषय गण्डकी विश्वविद्यालयलाई दिन जरुरी छ भन्ने कुरा मैले आफ्नो भनाई राख्न चाहन्छु ।

गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानले गर्ने कार्य र यसको उत्थान र विकासको सम्बन्धमा यो नीति कार्यक्रम मौन छ । त्यसो भएको कारणले गर्दा सरकार यो विषयमा किन मौन छ ? यसको विषयमा पनि बोल्न जरुरी छ भन्ने कुरा म राख्न चाहन्छु । दिगो विकास लक्ष्यमा समावेस भएको साक्षरता र निरन्तर शिक्षा कार्यक्रमले प्राथमिकता पाएको छैन, प्राथमिक भित्र पार्नु पर्न जरुरी छ । हाम्रो प्रदेश विपद्को अत्यन्तै जोखिम अवस्थामा छ। वर्षा सुरु हुँदैछ, वर्षा र कमजोर भूगोलका विपदबाट प्रभावित हुने निश्चित छ । तर सरकार आफ्नो नीति र कार्यक्रममा शिक्षण संस्थामा हुने विपद् र यसको न्यूनिकरणको सवालमा मौन छ । त्यसैले सरकार जिम्मेवार हुन जरुरी छ र यो नीति कार्यक्रममा आउनु जरुरी छ भन्ने म राख्न चाहन्छु । अघिल्लो सरकारले पोखरा म.न.पा. वडा नं. ३३ वडामा लैंगिक हिंसामा परेर समाजबाट परित्यक्त भएकाहरुको व्यवस्थापनको लागि प्रदेश स्तरको लैंगिक हिंसो पुनरस्थापना केन्द्र स्थापना र संचालन गर्ने कार्यक्रम अगाडि सारेको थियो । तर यो सरकार यो विषयमा मौन छ । नीति कार्यक्रममा समावेस हुन यी यस्ता कार्यक्रम आवश्यक छ र म नीति कार्यक्रममा आवश्यक छ र गराउन म यहाँहरुको अगाडि गराउनु पर्छ भन्ने कुरा राख्न चाहन्छु ।

बुँदा नं. ५ प्रदेशका सबै सामुदायिक विद्यालयहरुमा निःशुल्क सेनेटरी प्याडका वितरण गर्ने विषय छ । प्रदेश सरकारलाई जानकारी छ कि छैन ? नेपाल सरकारले नै सबै सामुदायिक विद्यालयमा निःशुल्क स्यानेटरी प्याडको वितरण गर्ने कार्यक्रम रहेको छ

त्यसैले डुप्लिकेशन गराउन जरुरी छैन भन्ने म राख्न चाहन्छु । प्रदेश मातहतका अस्पतालहरुमा विशेषज्ञ चिकित्सकको अभाव निराकरण गर्न विशेष प्रोत्साहन कार्यक्रम मार्फत विशेषज्ञ जनशक्तिको व्यवस्थापन गरी विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गरिने छ भनेर प्राथमिकतामा छ । प्रदेशमा लोकसेवा आयोग छ, स्थायी दरवन्दी भएको तर जनशक्ति नभएको ठाउँमा लोकसेवा मार्फत तुरुन्तै जनशक्ति नियुक्ति गर्ने विषयमा सरकारको ध्यान किन गएको छैन ? गफ लगाएर सरकार चल्छ ? हालसालै सञ्चार माध्यमहरुमा मनाङ जिल्ला अस्पतालमा मेडिकल अधिकृत विनै संचालन भइरहेको छ भन्ने खबर व्यापक रुपमा आएको छ । अस्पतालमा मेडिकल अधिकृतको पनि व्यवस्था गर्न नसक्ने सरकारले अस्पतालहरुमा विशेषज्ञ व्यवस्थापन गरी विशीष्टिकृत सेवा प्रदान गर्छु भन्ने भ्रम मात्र हो भन्ने मेरो दावी छ । यतिमात्रै होइन प्रदेश अस्पतालहरुमा कार्यरत स्थायी मेडिकल अधिकृतहरु धमाधम राजिनामा दिँदैछन्, यो विषयमा सरकार वेखफर छ । यसका कारणहरुको खोजी गर्न जरुरी छ भन्ने कुरा राख्न चाहन्छु । देवघाट सुस्तापूर्वको कावासोती ी र गोरखाको च्याङलीमा प्रसूति अस्पताल स्थापना गर्ने हावा नीति कार्यक्रम पेश गरेको छ । सरकारले आफ्ना जिल्ला अस्पतालहरुमा भौतिक पूर्वाधार जनशक्ति व्यवस्थापन र आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्न सकेको छैन । अरु अस्पताल स्थापना गर्ने हावा गफ आफ्ना नीतिको पानामा लेखेर भ्रम सृजना गर्दैछ ।

बुँदा नं. ३६ मा प्रदेशमा ५०० शैयाको शिक्षण अस्पताल स्थापनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने भनेको छ । शिक्षण अस्पताल निर्माण गर्न कुन ठाउँमा यो सरकारले कति जग्गा प्राप्ति गरेको छ, सभामुख मार्फत उत्तर प्राप्त होस् भन्ने कुरा राख्न चाहन्छु । मेरो जानकारीमा प्रदेश सरकार गठन भएको लगभग १ वर्ष पूरा हुँदै छ । यस बिचमा प्रदेश सरकारले १ इन्च जग्गा प्राप्त गरेको छैन । त्यसैले प्रदेश सरकारले कागजमै ५०० शैयाको शिक्षण अस्पताल निर्माण गर्ने योजना छ कि म कोइशन गर्न चाहन्छु । नेपालमा संक्रामक र सरुवा रोगको अस्पताललाई सबै प्रकारको उपचार गर्ने अस्पताल एक्सिलेन्सको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ, भनिएको छ । पहिलो कुरा, प्रदेश सरकारको आफ्नै स्रोत साधनले स्थापित गरेको नाम हो - संक्रामक सरुवा रोग अस्पताल । किन नेपाल सरकारसँग सहकार्य भनियो ?

आफ्नो ताकतमा विश्वास छैन सरकार ? विश्वास छैन सरकार ? दोस्रो कुरा यो सरकारले व्यवस्थापन गरेको जनशक्ति कटौति गरेको छ । मैले सुन्दैछु, आगामी साउन १ गतेदेखि सघन उपचार केन्द्र र आइसोलेसन वार्ड जनशकितको अभावमा नचल्ने अवस्थामा जाँदैछन्। तर यही सरकार आफ्नो नीति कार्यक्रममा यस अस्पतालाई सेन्टर अफ एक्सिलेन्स भवन बनाउने भ्रम सृजना गर्दैछ । त्यतिमात्र होइन, अघिल्लो सरकारले जस्तै ठोस नीति कार्यक्रम गरेर देखाउन म चुनौति दिन चाहन्छु । अघिल्लो सरकारले वहुवर्षिय योजनाहरु अगाडि बढाएको थियो, ती वहुवर्षिय योजनाहरु यो नीति कार्यक्रमको पानाबाट हटेको छ । त्यसैले सरकार झण्डा हल्लाउने मात्र होइन, सरकार मन्त्रीको कुर्चीमा बस्ने मात्र होइन, सरकारले स्पष्ट आफ्नो भिजनका साथ, ठोस योजनाका साथ बजेटका साथ अगाडि बढ्न नितान्त जरुरी छ । त्यस भएको कारणले गर्दाखेरी सरकारलाई म त्यतातिर ध्यानाकर्षण गराउँदै आफ्नो भनाई अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु।त्यसपछि माननीय सदस्यय श्री विनोद के.सी. ।

**माननीय विष्णुप्रसाद लामिछाने**

माननीय सभामुख महोदय, हामी यतिबेला गण्डकी प्रदेशको भविष्य कोर्ने आर्थिक वर्ष २०७९/८० को नीति र कार्यक्रममाथि छलफलमा छौं । नीति र कार्यक्रम आउनुभन्दा अगाडि सिद्धान्त र प्राथमिकता सरकारले प्रस्तुत गर्यो । धेरै माननीयज्यूहरुले सिद्धान्त र प्राथमिकताभित्र धेरै कुरा समेटिएन, यो पनि भएन, त्यो पनि भएन, कहाँ हरायो कहाँ गयो भनेर धेरै प्रश्न गर्नुभयो । मलाई पनि स्वभाविकै हो कि भन्ने लाग्यो । अहिले नीति र कार्यक्रम आएको छ, यो नीति र कार्यक्रममा धेरै कुरा समेटिएका छन् । समेटिएका छन्, गण्डकी प्रदेशलाई समृद्धि बनाउने किसिमको नीति र कार्यक्रम आएको छ । गण्डकी प्रदेशलाई विकासको बाटोबाट अगाडि लाने किसिमले नीति र कार्यक्रम आएको छ । अब यहाँनिर फेरी के भइराखेको छ भन्दा राख्न त राख्यो सबै हावादारी राख्यो। वास्तवमा सरकारको दायित्व भनेको आफ्नो राज्यभित्र, आफ्नो प्रदेशभित्र त्यहाँका जनतालाई कसरी समृद्धशाली बनाउने भन्ने हो । आफ्नो क्षमता अनुसारको नीति र

कार्यक्रममा आउनु जरुरी छ । मैले उत्तर दिनु पनि हुँदैन दिन पनि चाहन्न, तर केही माननीयज्यूहरुको यो नीति र कार्यक्रममा छलफल गर्दैंगर्दा, केही रहेनछ, केही छैन खोक्रो छ भन्ने कुराहरु पनि आयो, मलाई पनि साँच्चै हो त भन्दा खब अध्ययन गरे ।

हेर्दा यसमा धेरै कुराहरु पाएँ, आखिर खोक्रो भएको के रहेछ भनेर अघिल्ला वर्षका फेरी एक पटक पढ्न मन लाग्यो मलाई । कहीँ त्यतिबेल उ भएको रहेछ कि भनेर फेरी एकपटक दोहोर्याएर पहिला पहिलाका एकजना माननीज्यूले भन्नु भएको थियो, पहिलाको हाम्रो नीति र कार्यक्रम हेर बरु सिकेको भए हुन्थ्यो भनेर मैले पहिला पहिलाको हेरें, मलाई लाग्यो हाम्रो माननीयज्यूहरु यो अहिलेको पढ्नु भुल्नु भएछ, बिर्सिनुभएछ र पुरानै नीति र कार्यक्रम पढ्नु भयो जुन नीति र कार्यक्रम  त्यो उहाँले ल्याउनुभएको पुरानोमा केही पनि थिएन। त्यसैले झुक्किनुभयो कि भन्ने जस्तो लाग्यो माननीज्यूहरुमा । यही नीति र कार्यक्रम पढ्नको लागि हार्दिक अनुरोध गर्न चाहन्छु, अपिल पनि गर्न चाहन्छु । वास्तवमा धेरै कुराहरु, साना साना कुराहरु पनि समेटिएको छ यसमा ।

आउनुपर्थ्यो कि पर्थेन आप्नो ठाउँमा होला । बुझाई आफ्नो आफ्नो हुन सक्छ । तर मलाई के लागेको छ भन्दा गण्डकी प्रदेश सरकार यति संवेदनशील छ जनताको पक्षमा कि उसले सानातिना कुराहरु जसले जनतालाई प्रत्यक्ष असर पुर्याउँछ त्यस्ता कुराहरु, ती संवेदनशील कुराहरु पनि लिएर आएको छ म गण्डकी प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, हामी हाम्रा धेरै अहिले धेरैजसो विरामीहरु अहिले पनि विशेष गरेर मृगौलाका विरामीहरु डायलिसस गर्न नसकेको बसेको परिस्थिति छ । हामी मध्येका धेरै माननीयज्यूहरुलाई फोन आएको होला मेरो पालो १ महिना पछि पर्यो, डेढ महिनापछि पर्यो, २ महिनापछि परेयो लौन भन्दिनुपर्यो भनेर फोन आएको होला । गण्डकी प्रदेश सरकारले एउटा प्रयास गरेको छ कम्तिमा  पनि ३ वटा अस्पतालबाट त्यो सुरुवात गर्ने भनेर नीति र कार्यक्रममा ल्याएको छ, कि यो जनताको सेवा गर्दै मृगौला पीडितहरुका लागि सुविधा दिने कुरा नराम्रो होला र सभामुख महोदय । त्यसलाई नराम्रो कुरा भन्ने हो भने राम्रो कुरा केलाई भन्न सकिन्छ ? सरकारले मुटु रोग अस्पताल स्थापना गर्ने भनेको छ, त्यो पनि नराम्रै होला ? होइन होला । किनभन्दा सकेसम्म यो गण्डकी

प्रदेशका जनतालाई कसरी स्वास्थ्य सुविधा दिन सकिन्छ भनेर लाग्नुपर्छ । पाठ्यघरको क्यान्सर, स्तन क्यान्सरहरुलाई निःशुल्क उपचार गर्नेलाई निरन्तरता दिएको छ ।

अनि एयरलिफ्टिङ्ग जसले गर्भवती सुत्केरी र नवजात शिशुलाई जीवन रक्षा गर्छ त्यो नराम्रो होला र सभामुख महोदय ? काम गर्नु पर्दैन होला र हामीहरुले ? हामीले काम गर्ने भनेको यिनै हुन् । जनतालाई प्रत्यक्ष रुपमा असर पर्ने कामहरु जसले जनता आफैले गर्न सक्‍दैनन्, विरामी आफै गर्न सक्दैनन्, त्यो राज्यको दायित्व हो । अझ मैले त पटक पटक भन्ने गरेको छु शिक्षा र स्वास्थ्य पूरै निःशुल्क हुनुपर्छ भन्ने मान्यता राख्छु मैले । यो मेरो आवाज, मेरो यो वहस सधैं जारी रहन्छ तर त्यो दिन आउछ बाउनु पर्छ भन्ने मलाई लाग्छ । त्यस्तै २६ नं.को बुँदामा एम्वुलेन्सको कुरा छ । एम्वुलेन्स नभएकै कारणले समयमा अस्पताल पुग्न नसकेर धेरै विरामीहरुको मृत्यु भएको छ । पालिकाहरुसँग स्थानीय तहसँग समन्वय गरेर जहाँ जहाँ एम्वुलेन्स छैन त्यहाँ लाने कुरा नराम्रो होला र ? यसले विरामीहरुको लागि फाइदै पुग्दैन र ? सभामुख महोदय । यहाँ केही हैन भन्ने कुराचाहिँ होइन कि भन्ने मलाई लाग्छ । त्यस्तै दलित विद्यार्थी छात्रवृतिको कुराहरु आएको छ, सीपयुक्त शिक्षाका कुराहरु आएको छ । अपाङ भएका वालवालिका र अपांगहरुका लागि समेत कार्यक्रमहरु यो नीति र कार्यक्रमले बोलेको छ। नैतिक शिक्षा सुसँस्कृत समाज बनाउने कुरा यहाँ बोलेको छ । अहिले हामीले यहाँ विकृतिका कुरा गरिरहेका छौं । जति विकृति भएको छ भनिएको छ कहीं न कहीं नैतिक शिक्षाको अभाव हो । हामीले जुन सुसंस्कृत समाज बनाउन खोजको, एउटा राम्रो समाज सभ्य समाज बनाउनु, एउटा राम्रो समाजको परिकल्पना गर्नु, एउटा समाजलाई मैले सुसंस्कृत बनाउछु, राम्रो बनाउछु भनेको के नराम्रो होला र ? सभामुख महोदयज्यू । यो मुलुकको पक्षमा, समाजको पक्षमा एउटा असल नागरिक बनाउँछु भनेको कुरालाई हावादारी भनेर टार्न मिल्ला र ? सभामुख महोदय ।

त्यस्तै गरी सार्वजनिक सेवामा महिलाहरुको वृद्धि, एक वडा एक जेष्ठ नागरिक दिवा सेवा केन्द्र यसले महिलाहरुलाई सम्मान गर्ने कुरा, हाम्रा जेष्ठ नागरिकहरु, हाम्रा अग्रजहरु जसले यो मुलुकको लागि धेरै योगदान दिनुभएको छ, जसको अनुभवले हामी अहिलेसम्म पनि अगाडि बढेका छौं, के जेष्ठ नागरिकहरुको सम्मान गर्नु, एउटा वडामा एउटा जेष्ठ

नागरिक दिवा सेवा केन्द्र खोल्ने, उहाँहरुलाई त्यहाँ पढ्ने व्यवस्था, खाजा खाने व्यवस्था, उहाँले आफ्ना अनुभवहरु साटासाट गर्ने अवस्था ल्याउनु नराम्रा होला र ? सडकसञ्जाल विस्तार  कोरोला देखि त्रिवेणी, अरु सडकहरु निर्माण गर्नु वास्तवमा सडक विकास सँगसँगै जान्छ त्यसैले यस्ता कुराहरुलाई यो नीति र कार्यक्रम केही छदैछैन भन्न थालियो भने, कहीँ कहीँ अलिकति थोरै पूर्वाग्रही भइयो कि भन्ने मलाई लाग्छ । त्यस्तै गरेर माझी, बोटे, चेपाङ, बोटे, मुसहर, कुशुण्डा लगायतका जति लोपोन्मुख अल्पसंख्यक जनजातिहरु, जातिहरु छन् उनीहरुको उत्थान गर्नु, अगाडि ल्याउने यो नीति र कार्यक्रमले बोलेको छ ।

श्रमको सम्मान  गर्नु पर्छ है, हामी अहिलेसम्म बिग्रेको परिस्थिति कहाँनिर हो भने हामीले कामको सम्मान गर्न जानेकै छैनौं । म पढेलेखेको हुँ, म फलानो पदको हुँ, मैले यो काम गर्नै हुन्न भन्ने हाम्रो दिमागमा सोच छ, काम भनेको कामै हो, सानो या ठुलो, जसले जे काम गर्दा पनि हुन्छ, काम गर्ने कुरामा । हामीले श्रम गर्न जानेकै छैनौं त्यसैले श्रमको सम्मान गर्ने वातावरण, एउटा किसान गर्वका साथ म किसान हुँ भनेर गर्भ गर्ने परिस्थिति हामीले निर्माण गर्ने । एउटा मजदुर गर्भका साथ म मजदुर हुँ भनेर गर्भ गर्ने परिस्थिति हामीले सृजना गर्न सक्नु पर्छ । तयसो भयो भने काम प्रति मोह हुन्छ, होइन भने काम गर्ने परिस्थिति सृजना हुँदैन । अहिले पनि जमिन बाँझो छ ।  अलि पढेलेखेको मान्छे हुँ भन्ने मान्छेहरु कृषि गर्नै हुँदैन, किसान बन्नै हुँदैन भन्ने हामीमा सोच छ त्यसैले एउटा श्रमिकलाई जुनसुकै पेशा गरे पनि, पेशा भनेको पेशा हो यो सानो र ठुलो हुँदैन भन्ने कुरालाई अगाडि ल्याउनु नराम्रो भन्न मिल्ला र ? त्यसैले आधारभूत खाद्यान्नमा आत्मनिर्भर बन्ने कार्यक्रम यो नीति र कार्यक्रमले बोलेको  छ । यसभित्र बुँदा नं. ११८ ले भनेको छ, हामीले धेरै पटक कुरा उठाउँदै आएका छौं, मैले अघिल्लो पटक बोल्दा पनि भनेको थिएँ ।

अब खाद्य संकट पर्दै छ हामीलाई । मैले अघिल्लो पटक पनि भनेको थिएँ । विश्व परिवेशले त्यही भनेको छ र हाम्रै कारणले पनि भएका जग्गा जमिन जति बाँझा छन् त्यसैले अब हामीलाई खाद्य संकट पर्दैछ, त्यसैले आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने परिस्थिति सृजना गर्नु पर्छ । त्यो परिस्थिति सृजना गर्नको लागि पनि यो नीति र

कार्यक्रमले बोलेको छ । होला सबै सबै कुराहरु नसमेटिएको होला यसभित्र, यदि सबै कुराहरु समेटिएको भए, सबै कुराहरु यसैमा राम्रो भएको भए यो छलफलको पनि आवश्यकता हुन्थेन होला । यो छलफलले केही निष्कर्ष निकाल्छ भन्ने मलाई लाग्छ । त्यस्तै गरेर किसानीसँग विज्ञ कार्यक्रम, खेतीयोग्य जमिनमा सिँचाई, एक निर्वाचन क्षेत्र एक नमुना कृषि वन त्यस्तै गरेर एक निर्वाचन क्षेत्र एक कृषि सडक लगायतका कार्यक्रमहरु जुन हिसावले आएको छ मलाई लाग्छ यो नीति र कार्यक्रमले धेरै कुराहरु समेटेको छ।

ठिक छ केही समेटिएका छैनन् भन्ने पनि यो छलफलले केही छोडिएका कुराहरु आउलान्, ती छोडिएका कुराहरु पनि समावेश गर्न सकिन्छ । यति राम्रा कुराहरु, यदि यो गठवन्धन सरकारको घोषणपत्रै भयो भने ठीक घोषणापत्र नै सही, मैले यसलाई घोषणापत्र नै मान्छु किनभने जनताको पक्षमा गण्डकी प्रदेशलाई समृद्ध बनाउने पक्षमा आएको नीति र कार्यक्रमलाई जुन रुपमा हेर्दा पनि हुन्छ । हुन सक्छ यो गण्डकी प्रदेश सरकारको घोषणापत्र हुन सक्छ, यो संकल्प पत्र हुन सक्छ । जे जो हुँदा पनि यो नीति र कार्यक्रम गण्डकी प्रदेशको हितमा आएको छ, म यो नीति र कार्यक्रममा पूर्ण रुपमा समर्थन गर्दै विदा हुन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, हामी आ.व. २०७९/८० को यो नीति कार्यक्रममा यो सम्मानित सदनमा छलफलमा छौं । यो नीति तथा कार्यक्रममा अहिले गण्डकी प्रदेशको सरकारले धेरै मेहेनतका साथ लगभग २८६ पेजमा आफ्ना कार्यक्रममा समावेश गरेको छ । यो कार्यक्रम वास्तवमा सबैलाई समेट्न खोज्ने सबैलाई सम्झिन खोजेको देखिन्छ । तथापि बजेटका सीमित आकार, सीमित बजेटको आकारले यो बजेटले सरकारलाई कार्यक्रम अगाडि बढाउन केही कठिन हुन सक्छ । तथापि के कुरालाई बढी ध्यान दिने र के कुरालाई बढी जोड दिनेमा सरकार अघिनै बढ्ला भन्ने मलाइ विश्वाश छ । विशेष गरी हामी अब ५ औं वर्षको अन्तिम वर्ष हामी यो नीति कार्यक्रममा छलफल गर्दै छौं ।

पहिलो वर्षबाट हामी यो अन्तिम वर्ष आउँदै गर्दा विशेष गरी नेपाल कम्प्युनिष्ट पार्टी माओवादी केन्द्र पहिला रहेको सरकारमा पनि आफ्नो सहभागिता र त्यो सरकारलाई सहयोग गर्दै र अहिले यो पछिल्लो सरकारदेखि पनि हामी बाहिर छैनौं, त्यो कारणले विगतका सरकारका समीक्षा र अहिलेका सरकारका कामकारवाही प्रति हामी सचेत छौं, किनभने विगतका सरकारले गरेका राम्रा कुराहरुलाई पनि त्यो सरकारले पनि त्यो राम्रो कामलाई निरन्तरता दियोस् हाम्रो सुभेच्छा थियो त्यसैमध्येमा एक निर्वाचन एक सडक, मुख्यमन्त्री वातावरणीय एक गाउँ, उज्यालो प्रदेश, एक घर एक धारा जस्ता महत्वपूर्ण कार्यक्रमहरुलाई यो सरकारले पनि निरन्तर दिएको कार्यक्रममा हामीले अनुभूति गरिरहेका छौं । तर मुख्य रुपमा यी कार्यक्रमहरुमा बजेट नै ती कुराहरु बढ्नु पर्छ भन्ने मैले सुझावको रुपमा राख्नुपर्छ भन्ने म चाहन्छु । विशेष गरी यो सदनमा हामीहरु भन्दै गर्दा, बोल्दै गर्दा कहिलेकाहिँ हामी तल बोल्दा सत्य बोल्ने माथि बस्दा हामी सत्य नबोल्ने हो कि भन्ने मलाई अनुभूति हुन्छ । सत्ता पक्षका माननीयज्यूहरु हामीहरु सरकारको जस्तै कामलाई पनि राम्रो भनेर जाने, प्रतिपक्षका माननीयज्यूहरुले राम्रो कामलाई पनि कुनै न कुनै खोट देखाएर नराम्रो भन्ने खालको परिपाटी हामीसँग छँदैछ । तथापि म के भन्न चाहन्छु सत्यलाई सत्य भन्नतिर जाउँ र सत्य कुरालाई बढी हामी त्यो सत्य कुरालाई हामीले सरकारलाई सुझावको रुपमा लिउँ भन्ने मैले गर्न चाहन्छु । विशेषगरी यो सरकारले राम्रा कामका प्राथमिकता कुरामा धेरै कुराहरुमा, अघि माननीयज्यूहरुले धेरै कुराहरु प्रष्ट रुपमा राखिसक्नुभएको छ ।

यो २८६ पेजमा सबै कुरा भन्न समयको पनि पावन्दी छ । विशेष गरी मैले आफ्ना क्षेत्रमा केही कुराहरु छुटेका कुराहरुमा म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । विशेष गरी यो कृषिको क्षेत्रमा यो सरकारले धेरै कुराहरु समेट्न खोजिराखेको छ । त्यसलाई खाद्यान्नलाई जसरी आत्मनिर्भरता बनाउने कुराहरु, खाद्यान्नलाई जसरी कृषकहरुलाई यो उत्साह बनाउने कुराहरु, कृषकहरुलाई सहुलियत ऋण दिने कुराहरु, धेरै कुराहरु गरेको छ । तथापि त्यसैमा मेरो क्षेत्रमा अनुहार हेर्दैगर्दा मेरो क्षेत्रमा मैले भन्नुपर्दा मैले बारम्बार पहिलो सरकारदेखि भनेको थिएँ, मेरो क्षेत्रमा यस्तो अप्ठ्यारो ठाउँ छ, सरकारले यस्तो महत्वपूर्ण कार्यक्रम ल्याउँदै गर्दा त्यहाँका मेरो क्षेत्रका जनताहरुलाई

कौवालाई वेल पाक्यो जस्तो बनिराखेको छ । त्यसको विशेष एउटा कारण के हो भने, जुन गुठीको समस्या मैले बारम्बार यहाँ भन्ने गरेको छु ।

हाम्रो अर्थ तथा विकास समितिको ठूलो माननीयज्यूको एउटा समिति नै गएर त्यहाँ छलफल अन्तरक्रिया गरेर अघिल्लो सरकारलाई हामीले सुझावको रुपमा पनि प्रस्तुत गरेका थियौं । जहाँ अन्याय पूर्ण तरिकाले हिजोका राजा महाराजाहरुले सिधै जनताको नाममा रहेको गुठीको रुपमा परिणत गरिदियो । त्यसको कारणले अहिले पनि अन्य सुकुम्बासीहरुले सुकुम्वारीहरुले लालपुर्जा पाउने वातावरण बन्यो । आफ्नो जग्गा बाउबाजेको नाउँमा भएको जग्गा आफ्नो आज छोराहरुले लिन पाएको छैन, नातिले लिन पाएका छैनन्, ऊ आज सुकुम्वासी जस्तो भएर विदेशतिर भौतारिनु परेको छ । विभिन्न राज्यले दिने सेवा सुविधा, बैंकिंग क्षेत्रमा ऊ जोडिन पाएको छैन । त्यस्तो १५ हजार भन्दा बढी ठूलो जमिन, ४५ सय भन्दा धेरै जनताहरु त्यहाँबाट उठिवास भएको अवस्था छ । त्यसलाई मैले यो सम्मानित सदनमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । जुन काम गर्न यो संविधानले एकल अधिकारको रुपमा पनि हामीलाई सूचित गरेको छ । गण्डकी प्रदश सरकारले त्यसलाई एकल अधिकारको रुपमा काम गर्न सक्छ ।

त्यसलाई काम गर्न अलि तत्परता दिएर एकल अधिकारलाई हामीले कहिले प्रयोग गर्ने ? संघको ऐन कानुन बनेन भनेर हामी बसिरहने कि, यस्ता कामहरुलाई गाँठो फुकाउदै गएर जनताको पक्षमा काम गर्न अगाडि बढ्ने । ती कुराहरु अहिले यहाँ नीति तथा कार्यक्रम नेदेख्दैगर्दा यसलाई अलि सरकारलाई ध्यानाकर्षण गराउन चाहे । यी कुराहरु रहे, विशेष गरी यो सरकारको पक्षमा, यो सरकारले गरेको काममा मलाई क्षमतामा आफ्ना आफ्ना कुराहरु होलान् तर मलाई लाग्छ नियतमा यो सरकार स्पष्ट छ । यो संघीयता व्यवस्थालाई, यो प्रदेशको गरिमालाई बचाउने गरी अगाडि बढेको छ । यसले विशेष गरी मैले सम्झन्छु, धेरै प्रतिपक्षका माननीयज्यूहरुको यो संघीयतै धरापमा पर्न लागेको जस्तो, संघीयताको काम बमोजिम काम नगरेजस्तो गरी प्रस्तुत गर्नुहुन्छ । मलाई लाग्छ, यो संघीयताका वास्तविक रक्षा गरेको भए, यो संघीयताको वास्तवमा मर्मलाई बुझेर अगाडि बढेको भए पक्ष र प्रतिपक्षमा बस्नुहुन्थेन ।

दुई तिहाईकै सरकारले काम गरेको भए हामी अगाडि जान्थ्यौ ताकि यो काम गर्दैगर्दा जुन कानुनको व्यवस्था विरुद्ध, जुनसंघीयताकै व्यवस्थाको विरुद्ध जसरी संघीयता सरकार अगाडि बढ्यो र यो संविधानलाई नष्ट गराउने गरी अगाडि बढ्यो र त्यही सरकारकै पक्षपोषण गरेर यो प्रदेश सरकार सँगसँगै हिडेर यो फेरी संघीय सरकारकै भाषामा, संघीय सरकारकै पदमा यो सरकार जान लागिसकेपछि हामी यो व्यवस्था बचाउनको लागि, यो गण्डकी प्रदेश सरकारको एउटा व्यवस्थापिका बचाउनको लागि हामी धेरै अहोरात्र गरेर हामी यो व्यवस्थालाई बचाउनको अगाडि बढेको सरकार हो । यसका लागि विभिन्न वाधाहरु विभिन्न अप्ठ्याराहरु छन् । त्यसलाई छिचल्दै इमान्दारपूर्वक सरकार अगाडि बढेको छ भन्ने मलाई लाग्छ। यी कुराहरु राख्दै अन्तमा म मेरो यो गण्डकी प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमले धेरै क्षेत्रलाई समेट्ने प्रयास गरेको छ र यी समेट्ने प्रयासलाई बजेटरुपमा पनि त्यसैगरी अगाडि बढओस् भन्दै यो नीति तथा कार्यक्रम प्रति मेरो पूर्ण समर्थन रहेको जानकारी गराउँदै मेरो भनाई अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री खिमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय खिमविक्रम शाही**

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुखज्यूले सदनमा २०७९/८० को नीति तथा कार्यक्रममा प्रस्तुत गर्नुभएको छ । त्यसमाथि हामी आज छलफलमा छौं । कार्यक्रममा हामीले कसैले केही पनि छैन भनेका छौं, कसैले अझ थुप्रै छ यहाँ लेखेको भन्दा पनि बढी नै छ भनेका छौं । यो अलमल्ल मलमल्ल मा छौं । हामी पनि अरुलाई कसरी बुझाउने ? समृद्ध प्रदेश र सुखी नागरिक, यो प्रदेशलाई गण्डकी प्रदेशलाई बनाउनको लागि निरन्तर रुपमा सरकारले यो नाराका साथ विभिन्न कार्यक्रम अगाडि बढाएको छ यो चौथो वर्ष, अब पाँचौ वर्ष । कार्यक्रमहरु अत्यन्त राम्रो छन् । जग्गा बाँझो नराखौं, एक निर्वाचन क्षेत्र एक नमुना कृषि वन, बाँदरको पार्क व्यवस्था, व्यवस्थित शहर हामी सबैको रहर, दलित वस्तीको विकास, गरीबिको निकास, सार्वजनिक सेवामा महिलाको वृद्धि ल्याउँछ समृद्धि, महिलाको रोजगारी कृषिको जिम्मेवारी, विद्युतीय चुलो

सुत्केरी आमा पोषिलो खाना कार्यक्रम, वहुक्षेत्रीय पोषण योजना र कतिपय कार्यक्रमहरु निरन्तरता पनि दिएको छ भनेर पनि आएको छ ।

यो साँच्चै समृद्ध गण्डकी प्रदेशलाई सुखी नागरिक बनाउने हो भने हामी यो गण्डकी प्रदेशका नागरिकहरु निरोगी, हुनुपर्छ स्वस्थ हुनुपर्छ, तन्दुरुस्त हुनुपर्छ । यहाँ राम्रो कार्यक्रम आएको छ, वहुक्षेत्रीय पोषण योजना । त्यसकारणले गर्दा मैले यसमा केही पनि छैन अर्थवा यहाँभन्दा थुप्रै बढी छ म भन्न सक्दिन । हाम्रो गाउँघरतिर यो देउता भकाल्नी मान्छेले लौ परमेश्वर दुधको दुध, पानीको पानी भन परमेश्वर भन्छन् के, हामीले जे हो त्यही भन्नुपर्छ । नभएको कुरालाई छ भन्ने, भएको कुरालाई छैन भन्ने हाम्रो नैतिकताले दिँदैन । मलाई अर्को कुरा खुशी पनि लागेको छ, गण्डकी प्रदेशको ढोरपाटन एउटा पर्यटकीय गन्तव्य क्षेत्र, बन्न सक्ने संभावना बोकेको ठाउँ हो । अहिलेसम्म गण्डकी प्रदेश सरकारले यसलाई ओझेलमा पारेको छ, ओझेलमा परेको थियो । मलाई लाग्छ, अहिले हाम्रो मुख्यमन्त्रीज्यू, उद्योग पर्यटन मन्त्रीज्यू लगायतका मन्त्रीज्यूहरु त्यहाँ जानु भयो, अवलोकन गर्नुभयो, म आफै पनि त्यहाँ पुगेको थिएँ । मैले त्यहाँका जनताहरुलाई, त्यहाँका नागरिकहरुलाई अब केही न केही हुन्छ है भनेर बोलेको थिएँ र अब यो नीति तथा कार्यक्रमले लेखिएको छ, बोलिएको छ ।

आशा छ, अब यो नीति तथा कार्यक्रममा जे प्रस्तुत गरिएको छ, लेखिएको छ, यो अनुसार गरेर त्यो क्षेत्र लगायतको गण्डकी प्रदेशका थुप्रै क्षेत्रहरुलाई नीति तथा कार्यक्रममा जे उल्लेख गरिएको छ त्यसलाई विनियोजन गरेर, त्यसको प्रगति हुनेछ भन्ने आशा गर्छु । अझ कतिपय ठाउँहरुमा अहिले पनि त्यही झोरपाटन भन्नोस्, निसी खोलाको गा.पा. को निसीढोर भन्नुहोस् तमानखोला गाउँपालिकाको खुनखानी भन्नुहोस। गण्डकी प्रदेशका दुर्गम गाउँहरु अझै पनि यो विश्वजगत आइपुग्दा त्यहाँका मानिसहरुले मोवाइल प्रयोग गर्नपाउनु भएको छैन टावरको कारणले गर्दा। त्यसकारणले त्यो टावरलाई संचालन गर्नको लागि अथवा त्यहाँका जनताहरुले सहजै पनि सहजै तरिकाले पनि मोवाइल प्रयोग गर्नको लागि सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । अर्को कुरा अहिले भर्खरै वर्षा सुरु भइसकेको छ, कतिपय ठाउँमा दुर्घटना भएको हामीले देख्यो, त्यसमा सरकार गम्भिर हुनुपर्छ ।

दिगो प्रतिस्थापन गर्नका लागि वा विपद् पछिको व्यवस्थापन गर्नका लागि सरकारले बेलैमा ध्यान दिन नसकेको हामीले देखिराखेका छौं । दुर्घटना हुन्छ, बाढी जान्छ, पहिरो जान्छ अनि त्यसपछि विस्तारै विस्तारै मर्न त मर्न त मरिहाल्यो, भत्कन त भत्किहाल्यो भनेजस्तो गरेर यो विस्तारै विस्तारै स्लोगतिमा भएको छ । त्यसकारण तुरुन्तातुरुन्तै त्यसलाई राहत दिने कुरा, आहत दिने कुरा, त्यसको व्यवस्थापन गर्ने कुरामा ध्यान दिनको लागि म सरकारलाई अनुरोध गर्दछु । अर्को कुरा यो विभिन्न रोगहरुलाई क्यान्सर जस्ता स्तन क्यान्सर जस्ता विभिन्न रोगहरुलाई हामीले निःशुल्क उपचार गर्ने भनेर हामीले यो नीति तथा कार्यक्रममा ल्याएका छौं, यो सरकारले ल्याएको छ । यी रोगहरुका साथै अन्य दीर्घ रोगीहरुले पाउने मासिक भत्तालगायतका सुविधाहरु जे जस्तो छ, व्यवस्था छ । यो नीति तथा कार्यक्रममा एचआइभी संक्रमितलाई पनि यी दीर्घ रोगीहरुले पाउने सेवा र सुविधा पाउनु पर्छ र पाउनका लागि सरकारले आफ्नो ध्यानलाई आकर्षण गर्नुपर्छ भन्ने लाग्छ, म अनुरोध गर्दछु । साँच्चै भन्ने हो भने यी संक्रमितका कतिपयका बच्चाबच्चीहरुले नागरिक पाउन जटिलता भएको छ ।

त्यसकारणले गर्दा मैले सरकारलाई अनुरोध गरें । अनि हामीले ध्यान दिने कुरा, यो हाम्रो प्रदेशलाई समृद्ध गराउने कुरामा ध्यान दिनु पर्ने कुरा हामी सबैले जानेका छौं, बोलेका छौं, सबैले बुझेको छौं र थुप्रै कार्यक्रम आइरहदा पनि, यो नीति कार्यक्रम आइरहँदा यसले अब कार्यान्वयन तर्फ व्यवहारिक रुपमा अवलम्वन गर्छ कि गर्दैन भन्ने कुरा छ, लेख्न त लेखिएको छ, थुप्रै कुराहरु छन्, व्यवहारिक रुपमा कार्यक्रम अलवम्वन गर्छ कि गर्दैन भन्ने पाटो लेख्न त लेख्या छ, हेरौंला भविष्यमा गर्छ कि गर्दैन, थुप्रै कार्यक्रम पारेको छ । त्यसकारणले मैले सरकारको ध्यान आकर्षण गर्न के कुरामा चाहन्छु भने जे कुरा नीति तथा कार्यक्रमलाई ल्याइएको छ तत् तत् अनुसार बजेट विनियोजन गरेर यो गण्डकी प्रदेशलाई सुखी, समृद्धी प्रदेश र सुखी नागरिक बनाउनको लागि ध्यान दिनेछ भन्ने कुरा अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी लाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री ललितकला गुरुङ ।

**माननीय मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङद्वारा प्रस्तुत आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा हामी छलफलमा जुटेका छौं । धेरै विषयहरुमा हामी छलफल पनि गरिरहेका छौं । आज म यही विषयमा आफ्ना केही भनाईहरु राख्ने अनुमति चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम र त्यसपछि आउने बजेटले गण्डकी प्रदेशको विकासका योजना कस्तो होला ? सुखी नागरिक बनाउने उद्देश्यका साथ तय गरिएको समृद्ध प्रदेश, सुखी नागरिक भन्ने नारा पनि यहाँ उल्लेख गरिएको छ । यसले समेट्न पर्ने हामी गरिमामय संसदमा उपस्थित रहेका माननीय सदस्यहरुको यो अन्तिम बजेट आउने सन्दर्भ वा यो सभामा उपस्थित पनि भएका छौं ।

हामी जनताका सामु जाँदाखेरी हामीले गर्व गर्न लायक, हामीले समृद्धिका सन्दर्भमा हामीले अगाडि सारेका योजनाहरु र त्यसको कार्यान्वयनका पक्षमा हामीले आत्मा साक्षी राखेर भन्ने हो भने त्यो गर्व गर्न लायक संसद अथवा प्रदेश सभाको सदस्य निवर्तमान भइरहँदा वा जनताको सामु जाँदा त्यसको प्रत्याभूति गर्न सक्ने गरी जानुपर्छ भन्ने कुरामा म माननीय सभामुख मार्फत माननीय मुख्यमन्त्री र मन्त्रीपरिषदलाई म एउटा प्रश्न गर्न चाहन्छु, यो सरकार गठन गर्ने क्रममा आजसम्म हामी आइपुग्दाखेरी यो सरकारले विगतको समीक्षा गरेको छ कि छैन ? माननीय मुख्यमन्त्रीज्यू, यो नीति तथा कार्यक्रममा अध्ययन गर्नु भएको छ कि छैन ? मैले गर्नुभएको छैन भनेर त्यसरी भन्न त मिल्दैन तर मलाई के लाग्छ भने जहाँ जहाँ जे जे आयो यसलाई एउटा माननीयहरुले फेरी अपमान ठान्नु होला।

चुनावी घोषणापत्र बनेकै छ त प्रदेशकै चुनावी घोषणापत्र बनेर प्रदेशको समृद्धीको घोषणा पत्र बन्दा त ठिकै त थियो होला । तर भोलि निर्वाचानमा जाने बेलामा हामी यो काम गर्यौं भनेर देखाउनका लागि बनाइएका बुँदाहरु वा मन्त्रालयबाट आएका तथ्यविहीन कुरालाई समवेश गरेर जाँदाखेरी साँच्चैकै हाम्रो अगाडि प्रश्नचिन्ह खडा हुन्छ कि हुन्न

होला ? म यहाँ सभामुख मार्फत माननीय मुख्यमन्त्री र मन्त्रीपरिषदको पनि ध्यानाकर्षण गराउन चाहन्छु । धेरै कुरा आएका छन् आएका छैनन् म भन्दिन । कुरा त धेरै आएका छन्, तर त्यसको गन्तव्य कहाँ छ ? हामी गन्तव्यमा पुग्ने गरी आएका छौं कि छैनौं, हामी लक्ष्यमा पुग्नेगरी आएको छौ कि छैनौ ? समृद्ध प्रदेश बनाउनको लागि हामी समाजवादका आधार तयार गर्ने सन्दर्भमा समेत हाम्रा दृष्टिकोणहरु बनिरहेको बेला संविधानले त्यो निदृष्ट गरिरहेको बेला प्रदेश सभा संघीयताको एउटा नयाँ संरचना र यो प्रदेश सभाको औचित्यता पुष्टि गर्नका लागि हाम्रो भूमिका पुष्टि हुनु पर्छ भन्ने कुरालाई विर्सनु हुँदैन भन्ने कुरा मेरो अभिप्राय छ । ठिक छ हामीले धेरै विषयहरु उठाएका छौं । पर्यटनको क्षेत्रमा कुरा गरिरहँदा हिजो हामीले लगानी गरेको पर्यटनका गन्तव्यहरुलाई विर्सेर हामी कता गइरहेका छौं ? म मेरै निर्वाचन क्षेत्रको कुरा गरिरहँदा, प्यारागलाइडिङ्गको गन्तव्यको क्षेत्र प्यारागलाइडिङ्गको महत्वपूर्ण क्षेत्र स्वरेक आज हराएछ मन्त्रीज्यू । छायाँ क्षेत्र हराएछ । म यसो हेर्छु, हामीले हिजो ती क्षेत्रमा बजेट विनियोजन गर्नुपर्छ, गन्तव्य बनाउनु पर्छ भनेर लगायौं आज त त्यो हराइदियो ।

हामीले हिजो एक निर्वाचन क्षेत्र एक सडक भनेर निर्धारण गरेका सडक कहाँ गयो अहिले? फेरी मैले यसो पल्टाएर हेरें विगतका योजनाहरु कार्यान्वयन गर्ने भनिएको रहेछ। सभामुख मार्फत, म मुख्यमन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु । राजनीतिमा नैतिकता पनि हुन जरुरी छ । हिजो हामीले गरेका प्रतिवद्धताहरु, विगतका योजनालाई कार्यान्वयन गर्छौं बजेट आएपछि भनेका कुरा कहाँ हराए ? माननीय मुख्यमन्त्रीज्यू । विगतका भन्नुभएको छ मलाई एउटा आशंका लागिरहेको छ । विगतमा हामीले प्रतिवद्धता जाहेर गरेका त्यसलाई छोडिदियौं त्यसलाई चिटिङ गरेर केही केही योजनाहरु हाल्नुभएको थियो त्यही त होइन विगतका ? अनि यो गण्डकी प्रदेश समृद्धी, हरेक प्रदेशको समृद्धीलाई पूर्णता दिनु पर्छ कि पर्दैन ? खानेपानीका सन्दर्भमा चर्चा गर्नु भएको छ, त्यसलाई बजेट विनियोजन गर्नु पर्छ कि पर्दैन? सडक मर्मत गर्ने भनेर लेख्नुभएको छ, सडक मर्मत होइन हिजो हामीले सुरु गरेका सडकहरुलाई पूर्णता दिन्छु भनेर किन भन्नुभएको छैन ? मैले आलोचना गर्न खोजेको होइन, मैले प्रसंग उठाएको के हो भने हामी त्यो गन्तव्यमा पुग्नुपर्छ । यहाँ नाराहरु हामीले हेर्यौं, प्रदेश सरकार सामुदायिक विद्यालयसँग, प्रदेश सरकार बाबाआमासँग भनिराख्नु पर्छ जस्तो लाग्दैन ।

कतै यो नीति तथा कार्यक्रम स्थानीय तहले नीति तथा कार्यक्रम बनाउँदाखेरी, यसलाई हेर्दाखेरी हामीलाई प्रश्न उठाउने हो कि भन्ने शंका लागिरहेको छ । स्थानीय तहले गर्ने कुरालाई हाम्रो पहलकदमी हुने कुरा स्वभाविक छ तर सरकार सँगै जोड्नु पर्छ जस्तो लाग्छ । मुख्यमन्त्रीसँग जोड्ने हो कि, शिक्षामन्त्रीसँग जोड्ने हो कि अथवा अरु कुनै मन्त्रीसँग जोड्ने होला ? अथवा सभामुखसँग वा उपसभामुखसँग जोड्ने वा कुनै मानीयसँग जोड्ने हो तर सरकारसँग नै  जोडरे ती विषयहरु उठाउनु पर्छ जस्तो लाग्दैन, गर्नु पर्छ आवश्यकता हो भन्ने कुरालाई जस्तो लाग्दैन, त्यसरी जाँदाखेरी हाम्रो लक्ष्य र उद्देश्यमा पुग्नका लागि त्यो समृद्धिका कुरामा कतै हामी दायाँ बायाँ त भएनौं भन्ने कुरामा मात्र मेरो आग्रह हो । मैले धेरै कुरा गर्नु गर्ने छैन, धेरै विषयहरु आएका छन्, तर ती विषयहरुलाई कार्यान्वयन गर्ने कुरामा हामी दृढ संकल्प छ कि छैन ? हाम्रो क्षमता छ कि छैन ? अनि हामीले एक विद्यालय एक नर्स भनेका रहेछौं, धेरै राम्रो ।

कार्यान्वयन गर्ने अवस्था छ कि छैन ? मंसिरमा चुनाव हुँदैछ, हामी त्यसको जनशक्ति उत्पादन गर्नेतिर लागेका छौं कि छैनौं ? अनि एउटा नारा छ खेल्छ गण्डकी, खेल्छ गण्डकीको अवधारणा मैले बुझेको अवधारणा के छ भने, फरक क्षमता भएका बालबालिका र प्रौढ सम्मको युवा र प्रौढसम्मलाई समेटेर खेल्छ गण्डकी भन्ने नारा अगाडि सारेको भन्ने सुनेको थिएँ, यहाँ त युवा भनेर लेखेको रहेछ अनि त्यो पाटोलाई सर्लक्क छोड्न खोजेको त होइन ? छलफलमा कसरी आएको छ ? अनि त्यहाँ युवाहरुलाई जोडेर, युवा रोजगारका कुराहरु हामीले गरेका छौं, स्वरोजगारका कुरा गरेका छौं अनि ती स्वरोजगारका आधारभूत आवश्यकता तयार गर्नुपर्छ पर्दैन ? कहाँ गयो उद्योगग्राम? त्यो उद्योगग्राम संचालन हुँदाखेरी रोजगारका अवसरहरु सृजना हुन्छ कि हुँदैन ? कहाँ गयो पर्यटन क्षेत्रको विकास र समृद्धिबाट, हामेस्टेको प्रवर्द्धनबाट रोजगारका अवसरहरु सृजना हुन्छ भन्ने कुरा कता हरायो ? आज ती अधुरा योजनाहरु पूरा गर्नु पर्छ पर्दैन ?

आज भवनहरु र होमस्टेहरु अधुरा बनेर रहेका छन् । हामीले विगतका योजनाहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा जुन ढंगले अगाडि बढाउन खोजेका छौं, त्यसलाई कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्ने ढंगले आउनु पर्छ भन्ने कुरालाई महसुस गर्नुपर्छ भन्ने मेरो अनुरोध मात्र हो । मेरा धेरै विषयहरु भन्दा पनि आज हामी गण्डकी प्रदेशको एउटा

समृद्ध र सुखी नागरिक बनाउने भन्ने कुरामा अगाडि गइरहँदा विगतका योजनाहरु र त्यसले प्राप्त गर्ने प्रतिफल आज परिणाम आउने बेलामा ती योजना अधुरा बनाएर अन्य योजनाहरु कार्यान्वयन गर्ने गरी यसलाई डाइभर्ट गर्दा हाम्रो समृद्धको यात्रा जनताले अनुभति गर्न पाउँदैनन कि । हामीले गर्यौं भन्ने नारा त होला तर त्यसको व्यवस्थापन गरेर त्यो ठाउँले, त्यो क्षेत्रले त्यसको अनुभूति गर्न पाउँदैन कि भन्ने चिन्ताको विषय हो । त्यसैले यी आयोजनाहरुको रकम विनियोजित गरेर प्रदेशको सुखी नागरिक बनाउने, प्रदेशको समृद्ध बनाउने काममा हाम्रो पनि दायित्व हुन्छ भन्दै त्यो क्षेत्रमा ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय लेख बहादुर गुरुङ ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, विहानीले दिनको संकेत गर्छ भनाई छ, त्यो सरकारले आफू प्रवेश गरेको वर्ष दिनमा नै समृद्ध प्रदेश र सुखी नागरिकको लक्ष्यलाई शिरोपर गर्दै कामकार्यवाही पनि त्यही अनुसार गरेको र सकारात्मक रुपमा अगाडि बढेको पाइयो र आर्थिक वृद्धिदर पनि बढेर ६.१७ प्रतिशतमा पुगी ७ वटा प्रदेश मध्ये गण्डकी प्रदेशलाई आर्थिक वृद्धिको हिसावले दोस्रो प्रदेश बन्न सफल बनाएकोमा प्रदेश सरकारलाई सभामुख महोदय मार्फत वधाई व्यक्त गर्न चाहन्छु । उद्देश्य के लिनु उडी छुनु चन्द्र एक भने जस्तै प्रदेश सरकारले अत्यन्तै महत्वको लक्ष्य महत्वाकांक्षाका साथ नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । सुन्दा पनि सुनु सुनु लाग्ने, पढ्दा पनि आनन्द आउने २८६ बुँदामा भए पनि थोरै लाग्ने यी नीति तथा कार्यक्रमहरु अत्यन्त सुन्दर छन् । यति परिश्रमका साथ ल्याइएका यी नीति तथा कार्यक्रमका लागि प्रदेश सरकार र यो प्रस्तुत गर्नु हुने प्रदेश प्रमुखज्यूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, अनुभवी प्रतिपक्षको सहयोगमा ल्याइएको नीति तथा कार्यक्रम सफलताका साथ बजेटमा पनि महत्वका साथ ल्याउन सरकारलाई जस मिलोस् शुभकामना दिन चाहन्छु । नयाँ कार्यक्रमहरु थुप्रै समेटिएका छन्, पुराना कार्यक्रमहरु पनि निरन्तरता

दिएका छन् । हामीले झण्डै ४ वर्ष पनि यो सदनमा व्यहोयौं । सहयोगी प्रतिपक्षको रुपमा रह्यौं । हामीले नीति तथा कार्यक्रमहरु विगतका हामीले पनि पढयौं र त्यो अनुसार बोल्यौं । हामी यही सदनमा छौं, धेरै बोल्न नपर्ला किनभने अहिलेका केही छैन भन्दै गर्दा पनि २८६ बुँदामा ल्याइएको छ, यहाँहरुलाई थाहा छ । तर दलको हिसावले बोल्नै पर्ने यो यहाँहरुको पनि, हाम्रो पनि धर्म हो जस्तो लाग्छ । यो आफ्नो भूमिका निभाउनु पर्ने । मैले त्यो अन्यथा कुरा नबुझिकन, धेरै राम्रा लागेका मध्ये पनि केही निकालेको छु कति त डब्लिए किसानसँग विज्ञ खेत खेतमा र गोठ गोठमा प्राविधिक, जग्गा बाँकी नराखौं, आधारभूत खाद्यान्नमा आत्मनिर्भर गण्डकी प्रदेश जाऊँ, गुणस्तरीय शिक्षा पाऊँ, सिक्दै कमाउँ, गरी खाने अभियान उद्यमी युवा समृद्ध प्रदेश निर्माणमा टेवा, सीपयुक्त शिक्षा प्रदेशवासीको इच्छा । हुन त हास्यास्पद लाग्छ तर यो रियल जस्तो लाग्छ मलाइ । बाँदर व्यवस्थापनको लागि आएको छ मंकी पार्क यी थुप्रैछन् व्यवस्थित शहर सबैको रहर साँच्चै भन्दा के सम्भव छ र यो ? यसलाई कार्यान्वयनको पक्षमा लैजान सम्भव छ लाग्ला तर इच्छा शक्ति हो कुनै अप्ठ्यारो छैन । यो मलाई यी यसैको आधारमा रहेर केही सुझाव पनि दिन मन लाग्यो ।

यो हाम्रो माटो सुहाउँदो यो गण्डकी प्रदेश सुहाउँदो हामीले प्राविधिक शिक्षा त्यसप्रति पनि सोच्नुपर्थ्यो । किनभने आज युवाहरु पढ्नकै लागि लाईन लागेर बाहिरिने गरेका छन् गण्डकी प्रदेशबाट विदेशिने गरेका छन् त्यसमा सोच्नुपर्थ्यो । आज हामी डिपार्टमेन्ट स्टोरहरुमा जाँदा बाहिरका प्याकिंगका सामानहरु आउने गरेको छ । हाम्रो गण्डकी प्रदेश साँच्चै भन्नुपर्दा यहाँ थुप्रै सम्भाव्यका आधारहरु छन्, त्यो मैले भन्दै गर्दा त्यो आ– आफ्ना देशका विशेषताहरु छन् । हाम्रा पनि गुन्द्रुक भनने कुरा, सागहरु सुकाएर, न्युरोहरु सुकाएर हामीले राख्यौं भने थुप्रै छन्, तर हाम्रो प्रदेशमा भाटभटेनी सेलवेजमा जाँदाखेरी अन्तका खुर्सानीहरु प्याकिङ देखिन्छन्, अन्तका सुकुटीहरु थुप्रै प्याकिंग देखिन्छन्, हाम्रोमा थुप्रै संभव छन् । यो बारेमा सोच्नु पर्थ्यो । जडिबुटीको थुप्रै संभव भएको हाम्रो प्रदेश हो । त्यो बारेमा पनि हामीले सोच्नुपर्थ्यौं । किनभने आज हुन त बोल्दाखेरी अन्यता लाग्छ, यसलाई अन्यथा नलिईकन हाम्रो गण्डकी प्रदेशको उत्तर– पश्चिममा रहेको वाग्लुङ, म्याग्दीहरुमा थुप्रै भांगो खेतीहरु छन्, गाँजा खेतीहरु । यो बारेमा सरकारले सोच्नु पर्छ जस्तो लाग्छ मलाई । यो पनि हाम्रो आयश्रोतको आधार

हो जस्तो लाग्छ मलाई । अब यो खेत बाँझो नराखौं जग्गा बाँझो नराखौं भन्दै गर्दाखेरी हामीले खेत खेतमा, गोठ गोठमा विज्ञ प्राविधिक भन्यौ नि यो बारेमा पनि हामीले सोच्नु पर्‍यो । आज हाम्रा सन्तानहरु कतातिर जाँदैछन् ? हाम्रो साँच्चै भन्दाखेरी हाम्रा ढिकीजाँतोहरु कता हराए ? आज हाम्रो ढिकीलाई आधार मानेर साना साना मिलहरु घर घरमा आइसके बाहिरबाट साना साना मिलहरु घरघरमा आइसके ती कुन देशले पठाए ? यी हाम्रा आधारहरु होइनन् ? हाम्रा जाँतोहरु कहाँ गए ? आज हामी यी कुरा गर्दै गर्दा पाखे भनिने गरिन्छ नि, हामी कतातिर लम्कदै छौं? यो अलिकति सोच्नु पर्थ्यो । यो हाम्रो सरकारले अत्यन्त राम्रो कार्यक्रम ल्याउनुभएको छ, यसप्रति म यहाँहरुलाई वधाई दिन चाहन्छु ।

अब आउने बजेटमा किनभने हामी अन्तिम अन्तिम, अन्तिम नै हो यो नीति तथा कार्यक्रम। हामीले यहाँ प्रस्तुत गरेको हामीले यो बजेटमा अलिकति सोचेर ल्याउनु पर्छ र अब आउने हामीचाहिँ संस्थापक भएको कारणले हामीले धेरै कुरा छोडेर जानुपर्छ । अघि नै भनिसक्नु भयो नि, हामीले ४ वर्ष वहुमतको सरकार चलायौं, यहाँहरुले केही पनि ल्याउनु भएन हामीले ल्यायौं भन्दै गर्दाखेरी यहाँहरु पनि यहीँ हुनुहुन्छ हामी पनि यहीँ छौं, धेरै कार्यक्रमहरु त्यहीँ छन् । पहिला आमा नै हुन् नि, संस्कार सिकाउने त्यसपछि घरमा सासु नै हो नि । विरालो बाँधेर श्राद्ध गर्ने हाम्रो प्रथा त्यसलाई कुनै नौलो लिनु हुँदैन नि। हामीले ती कार्यक्रमहरुलाई निरन्तरता गरेकै छौं । अब आउने सरकारलाई फेरी हामीले हस्तान्तरण गर्दै गर्दा हामीले सकारात्मक धेरै राम्रा कार्यक्रमहरु पनि छोडेर जानुपर्ने हुन्छ। केही राम्रा कुराहरु दिएर जानुपर्ने भएकाव कारणले अझै हामीले ल्याउने कार्यक्रममा, हामीले ल्याउने बजेटमा त्यस्ता कार्यक्रमहरु समावेश गरेर ल्याइयोस् भन्ने भनाईका साथ मेरो र मेरो दलको पूर्ण समर्थन रहेको जानकारी गराउँदै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु, धन्यवाद । नमस्कार । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लेख बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु । यसपछि माननीय सदस्य इन्द्रलाल सापकोटा ।

**माननीय लेख बहादुर थापा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी माननीय प्रदेश प्रमुख पृथ्वीमान गुरुङज्यूबाट जेष्ठ २४ गते ल्याइएको नीति कार्यक्रममा हामी छलफल जुटिहेका छौं । सर्वप्रथम त समय उपलव्ध गराउनु भएकोमा माननीय सभामुखज्यूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस नीति कार्यक्रम मुख्य गरी सुखी नागरिक र समृद्ध प्रदेशको निम्ति यसको मुख्य लक्ष्य, ध्येय, उद्देश्य राखेर अगाडि बढाइएको छ । माननीय अर्थमन्त्रज्यूले प्रस्तुत गर्नुभएको सिद्धान्त र प्राथमिकताका जगमा यो नीति कार्यक्रम आएको छ र यही नीति कार्यक्रम अनुसार विस्तृत विवरणसहित बजेटमा अभियुक्त हुनेछ भन्ने म अपेक्षा गर्न चाहन्छु । यो नीति कार्यक्रममा केही नकारात्मक पक्षहरु हेर्न खोज्न प्रयत्न गरियो तर खासै त्यस्तो धेरै नकारात्मक पक्ष मैले प्राप्त गर्न सकिन । यसको सकारात्मक पक्ष तथ्यांक ठ्याक्कै त मैले पनि बुझ्न सकेको छैन ।

७ वटा प्रदेश मध्येमा दोस्रो भनेर ६.१७ प्रतिशत आर्थिक वृद्धिदर यो मैले पुष्टि गर्न सकेको छैन तैपनि यो जसरी आएको छ यो धेरै महत्वपूर्ण पक्ष हो र तथ्यांक सही छ भने यसमा हामी गर्व गर्नुपर्छ जस्तो लाग्छ । यसको केही विशेषताहरु मैले सरसर्ती अध्ययन गर्दा नागरिकको स्वास्थ्यमा जीवन रक्षामा जोड गरिएको छ । मृगौला प्रत्योरोपणको कुरा यसको पहल कदमी लिएर अगाडि बढाउने निर्णय गरेको, डायलिसस सेवालाई केही अस्पतालहरुमा अगाडि बढाउने विस्तार गर्ने योजना बनाइएको, मृटुरोगको उपचार गर्नका निम्ति प्रयत्न गर्ने, निर्माण गर्ने कार्यक्रम र अझ महत्वपूर्ण प्रश्न भनेको गाउँपालिका, नगरपालिकाहरुमा अल्ट्रा साउण्ड मेशिन मार्फत यु.एस.जि. मेशिन मार्फत हरेक पालिकामा विस्तार गरेर गर्भवती महिलाको बच्चाको अवस्थाको बारेमा जाँच गर्ने जुन कार्यक्रम छ यो धेरै महत्वपूर्ण छ मलाई लाग्छ । सरसर्ती शिक्षामा हेर्दा शिक्षामा हेर्दाखेरी प्रदेशमा ५०० शैयाको शिक्षण अस्पताल निर्माण गर्ने एउटा स्वास्थ्य हवको रुपमा विकास गर्ने, आस्थावान विद्यालयमा सरकारी शिक्षालाई मूल प्रवाहीकरण गरेर लिएर जाने साथै गुणस्तरीय र आवसीय विद्यालयको लागि दुर्गमा आवासिय विद्यालयको निम्ति सहयोग गर्ने यो कार्यक्रम पनि मलाई लाग्छ शिक्षामा अलि महत्वपूर्ण नै छ । पर्यटनको दृष्टिकोणबाट हेर्दा पर्यटन पूर्वाधार निर्माण गर्ने र प्रवर्द्धनका कार्यक्रमहरु अगाडि बढाएर केही पर्यटन ट्रेलहरु बनाएर अगाडि बढ्ने जमर्को गरेको देखिन्छ ।

सहिदको परिवारलाई, वेपत्ता परिवारलाई, घाइते परिवारलाई स्वास्थ्यमा निश्चित छुटहरु सुविधाहरु सँगै सहिद स्मृति पार्क बगैंचा निर्माण गर्ने कुराहरु मलाई लाग्छ यो जनयुद्धको मर्म, जनआन्दोलनको मर्म र भावना अनुसार यसले आफ्नो कार्यक्रमलाई केन्द्रित गर्न खोजेको आभास मिल्छ । अब सडकमा रहेका बालबालिकाहरुलाई सडक बालबालिका मुक्त गरेर नयाँ व्यवस्थापन गर्ने एउटा प्रयत्न गर्न खोजेको देखिन्छ । मुख्यगरी स्थानीय पालिकासँग खेलमैदान निर्माण कुराहरु, एक पालिका एक कृषि वन निर्माण गर्ने कुराहरु र एक पालिका एक सडक पिच गर्ने विषय यी विषय मलाई लाग्छ यो निरन्तरताको कार्यक्रम हुन् । यसमा हामीले विशेष महत्व दिनु पर्छ जस्तो मलाई लाग्छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकिकरण बजारीकरणको कार्यक्रमलाई व्यवस्थित गरेर अगाडि बढाएर उत्पादक र उत्पादकत्व वृद्धि गर्ने र रोजगारको अभिवृद्धि गर्ने यो कार्यक्रममा जोड गरेको पाइन्छ । पहिले निर्माण भएका रणनीतिक योजनाका सडकहरु, गाउँपालिकासँग जोड्ने सहकहरु निर्वाचन क्षेत्रसँग जोडिने सडकहरु, यसको निरन्तरता दिने प्रयत्न गरेको छ नीति कार्यक्रमले यो पनि धेरै महत्वपूर्ण छ जस्तो लाग्छ । सडकपुल सम्पन्न गर्नु पर्ने दायित्व पनि छ, झोलुंगे पुल सम्पन्न गर्नुपर्ने दायित्व पनि छ, नयाँ निर्माण गर्नु पर्ने दायित्व पनि छ त्यसलाई सरकारले अगाडि बढाउने नीति लिएको छ र हरेक स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने उद्योगको केन्द्र निर्माण गर्ने कार्य आएको छ यो पहिलो सरकारको पनि थियो र यसको निरन्तरता छ त्यसकारण यो महत्वपूर्ण छ र अर्को एउटा महत्वपूर्ण प्रश्न र अहिलेको नीति तथा कार्यक्रमको विशेषताको रुपमा हेर्नु पर्छ हामीले ।

खानेपानी र सिँचाईमा लिफ्टिङ गरिएका खानेपानी सिँचाईहरुमा ७५ प्रतिशत विद्युत महसुलमा सपोट गर्ने, छुट गर्ने यो अर्को हाम्रो गण्डकी प्रदेश सरकारकै अहिलेसम्मकै यो महत्वपूर्ण नीति कार्यक्रमको एउटा विशेषताको रुपमा हामीले केलाउनु पर्छ जस्तो मलाई लाग्छ । यसरी धेरै ठूलो जनसमुदायमा स्थानीय उपभोक्ताहरुमा यसले ठूलो मर्म केन्द्रित गर्नेछ त्यसकारणले यसको महत्व केन्द्रित हुन्छ जस्तो मलाई लाग्छ । पत्रकारको सेक्टरमा तालिम देखि लिएर पत्रकार महासंघको भवन निर्माण गर्ने हरेक जिल्लामा यसको कार्यान्वयनको दिशामा योजना बनाएको छ र कर्मचारीको सेक्टरमा हेर्दा तालिम दिने, अहिले स्तरलाई हाक्न सक्ने तालिम प्रदान गर्ने, दक्षता अभिवृद्धि गर्ने, साथै विभिन्न

अन्तरप्रदेश लगायतका विदाका पर्यटन विकास गर्ने यो बारेमा पनि त्यो सेक्टरको सन्दर्भमा मलाई लाग्छ एउटा महत्वपूर्ण आयाम हो । भ्रष्टाचार विरुद्धको नियन्त्रण गरेर सुन्य सहनशीलताको नीति लिएर सुशासन कायम गर्ने योजना बनाएको छ । अनि आयोजना बैंक निर्माण गरेर वैज्ञानिक आयोजना गर्ने दिशामा अगाडि बढ्न कोशिस गरेको। स्थानीय तह बिचमा अन्तरसम्बन्ध र अन्तरसमन्वय गर्ने कार्यलाई यसले निरन्तरता दिएको छ ।

सार्वजनिक निजी तथा सहकारीको एकीकृत उत्पादन कार्यमा केन्द्रित गर्ने अभियान चलाउन खोजेको छ । आर्थिक कारोवार प्रदर्शन गर्ने जसले ऋण प्रदान गर्न सपोट सहयोग मिलोस् यसमा एउटा महत्वपूर्ण भूमिका खोजेको छ । मुख्यगरी समाजवाद उन्मुख अर्थ व्यवस्था निर्माण गर्नको निम्ति नीति तथा कार्यक्रमले आफ्नो योजनामा केन्द्रित गर्ने एउटा नीति बनाएको छ। हामी नेपाल कम्युनिष्ट पार्टी माओवादी पहिले पनि सरकारमा थियौं र अहिले पनि सरकारमा छौ । हामी ५ वर्षसम्म पनि सरकारमा छौं ५ वर्षमा यो सदनको स्थायीत्व चाहन्छौं । त्यसैले गर्दा पहिलो सरकारले गरेको कामलाई समर्थन गरेर हामी अगाडि बढ्यौं र यो कामलाई सँगै समर्थन गर्दै आएका छौं । त्यसैले गर्दा अहिलेको यो नीति कार्यक्रमलाई यहाँ प्रस्तुत गर्दैगर्दा पहिलाको कामलाई निरन्तरता दिने, सम्पन्न गर्ने, नयाँ कामको प्रारम्भ गर्ने, सुरुवात गर्ने, भावि सरकारलाई पनि ओरेन्टेसन होस्, यसको आधारशीला खडा होस् भन्ने त्यस्तो महसुस हुन्छ । यही आधारले अगाडि बढेको छ जस्तो मलाई लाग्छ । त्यसैले यो महत्वपूर्ण विशेषताको आधारबाट म अहिलेको सरकारबाट प्रस्तुत गरिएको नीति कार्यक्रमको पुनः समर्थन व्यक्त गर्न चाहन्छु र विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य डा. पुष्पा के.सी. भण्डारी ।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुख महोदय, आज हामी सरकारको नीति तथा कार्यक्रममाथि छलफलको क्रममा उपस्थित भएका छौं । धेरै माननीय मित्रहरुले आफ्ना विषयहरु प्रस्तुत गर्नुभएको छ । लाग्छ छलफलमा सहभागी बन्दा सत्ता पक्ष र प्रतिपक्षको बिचमा धेरै माननीय

मित्रहरुले भन्नुभएको छ हामी धर्म पूरा गर्नका निम्ति कति बोलिरहेका छौं कि भन्ने पनि विषयहरु कता कता आएका छन् ।

म वास्तवमा एउटा प्रतिपक्षको बेन्चमा रहेको सांसदको हिसावले यो नीति कार्यक्रममाथि आफ्नो प्रस्तुती राख्न चाहन्न । आज हामी अत्यन्त जिम्मेबार हुन जरुरी छ, गम्भीर बन्न जरुरी छ । संसद अंकगणितले निर्धारण गर्छ । यतिबेला ५ वटा राजनीतिक दलको गठवन्धनबाट सरकार बनेको छ र यो गण्डकी प्रदेशमा सबैभन्दा ठूलो दलको हैसियतमा रहँदा रहँदै पनि नेकपा एमाले प्रतिपक्षमा छ । प्रश्न सरकारमा रह्यो कि रहेन होइन । मैले २०७४ देखि अहिलेसम्मको २०७७/०७८ को पनि मैले पूरै पढें र यो नीति कार्यक्रम पनि सरसरती पनि वाचन गरें । मैले सरकारको सत्तापक्षमा रहने मुख्यमन्त्री लगायत रहने मुख्यमन्त्रीज्यू लगायत मन्त्री, सांसदहरुसँग मेरो एउटा प्रश्न छ, तपाईंहरु यो बजेटमा आएको, कार्यक्रममा आएको यो २८६ वटा जुन धारा उपधारामा व्याख्या गरेर आउनु भएको छ, यो सरकारको आयु कति हो ? सुनिरहेका छौं कार्तिकको २७ र मंसिरको ३ । बढीमा मंसिरसम्म  आज जम्मा ६ महिना मात्र तपाई रनिङमा हुनुहुन्छ। यो हेर्दा झण्डै लाग्छ २० वर्ष, यो ५ वर्षको कुरा छैन । तपाईंले के के छुटाउनुभयो त्यसमा मेरो कुनै गुनासो छैन । सरकारले धेरै चिज राखेको छ, चाडको चाड छ, अब बन्ने सरकारले त नारा पनि नभेट्ला सायद, यति धेरै नारा पनि यहाँ पस्किनु भएको छ । तर बजेटको राशी मलाई लाग्छ म सुन्दैछु ३४ अरवको हाराहारीमा ल्याउँदै हुनुहुन्छ । गत वर्षनै ४२ प्रतिशत छ, अझ बढ्दै जाला, तपाईहरु गाडी घोडा थप्नुभएको छ, केही सुविधाहरु थप्नु भएकै छ, केही संरचनाहरु थप्ने कुरा यसमा प्रस्ताव पनि गर्नुभएको छ ।

चालु खर्च बढ्ने क्रममा  छ । अनि म देशको अर्थतन्त्रको बारेमा बुझ्ने गर्छु । यो सरकार वास्तवमा मैले कहिले काहीँ एउटा कथामा सुन्थे या इतिहासमा पढ्थे । रोम जलिरहेको थियो रोमको सम्राट वाँसुरी आनन्द लिइरहेको थियो । यो सरकार केही पनि भएको छैन, मुलुकमा केही आर्थिक संकट छैन, तरलता पनि अभाव भएको छैन, आज बैंक सर्रर चलिरहेको छन् । मलाई एउटा भनिदिनुहोस् आज एउटा हामी नीजि, सहकारी र सरकारीको कुरा गरिराखेका छौं । मलाई भन्नुहोस् यो नीजि क्षेत्रको कुरा गरिरहेका

छौं, एउटा नीति क्षेत्र  यो १ वर्षमा न एउटा  उद्योग स्थापना भएको मलाई प्रमाण देखाउनुहोस् ।  छैन । १ वर्षदेखि बैंकले १ रुपैयाँ लगानी गर्न सक्ने अवस्थामा छैन ।

केन्द्र सरकार भन्दैछ सरकार भन्दैछ हामी ६ महिना पनि हामी आयात वस्तु आयात गर्ने डलर सञ्चितीमा छैन, यो हालतमा छ । तर सरकार निर्धक्कसित यो ०७४ मा ल्याउनु पर्ने यो नीति कार्यक्रम ५ वर्ष लगातार हामीले ३४ अरव बाँड्दा पनि सम्पन्न गर्न नसक्ने गरी ल्याएको छ । मलाई लाग्छ, हामीसँग अर्थविज्ञहरु छन् कि छैनन् ? हाम्रो त्यो स्थायी सरकार भनिने व्यूरोत्रयाट्का सचिवहरु तपाईंहरुलाई सजेष्ट गर्छन् कि गर्दैनन्? मलाई लाग्छ, मन्त्रीहरुलाई जे जे मन लाग्छ, जे जे फुर्छ तल कार्यकर्ता जे जे भन्नुहुन्छ अनि त्यसैको आधार हामी वाक्य थपेर नीति कार्यक्रम शब्दमा मिठास, नारामा मिठास, कार्यक्रममा मिठास, कति मिच्न ? के तपाईंले ल्याउने बजेटमा यो नीति कार्यक्रममा कहीँ तादम्यता छ ? कहीँ सम्बन्ध छ ? सक्नुहुन्छ, म बाजी राखेर भन्न चाहन्छु आज म यो संसदमा बोल्दैछु । तपाईंहरु यो कार्यक्रम तपाईंको बजेटले संवोधन गरेर ल्याउनुस् । १ करोड खर्च लाग्ने ठाउँमा ५ लाख राखेर योजना हाल्ने निरन्तर यही हो सरकारले गर्न चाहेको ? त्यसकारण म यो गठवन्धनमा रहेका मित्रहरुलाई, सरकारमा रहेका मित्रहरुलाई जिम्मेवार बन्नुहोस् कहिले हो ? हामीसँग दारीजुंगा फुलिसके, रौं फुलिसके, आज हामीमाथि प्रश्न उठेको छ, व्यवस्था परिवर्तनका निम्ति धेरै दुःख गर्यौं, धेरै मेहेनत गर्यौं ।वस्तवमा जहाँ लागू गर्ने ठाउँमा छौं कार्यान्वयन गर्ने ठाउँमा छौं । आज हाम्रो मति यही हो ? केही चिज पूरा गर्नु पर्दैन ? स्वाद लिनका निम्ति, रमाइलो गर्नका निमित, उपहास गर्नका निम्ति, २ सय भोट जम्मा गर्नका निम्ति, नीति कार्यक्रम ? हाम्रा घोषणा पत्र एकचोटी हेर्नुहोस् त सिरानीमा राखुस् । त्यसकारण मैले सरकारलाई यो सत्तापक्ष र प्रतिपक्षको प्रश्न होइन, हाँसोमजाकको प्रश्न होइन एकदम गम्भिर भएर सोच्नका लागि अपिल गर्न चाहन्छु।

तपाईंले विगतको कार्यक्रमलाई निरन्तरता दिने भन्नुभएको छ, धन्यवाद । एक निर्वाचन क्षेत्र एक सडक, तपाई हामीले रोजेको होइन ३६ वटा सडक ? आज एउटा सडक पिच भएर सकियो अर्को सुरुवात गर्यौं भनेर भनिदिनुहोस् त । एक घर एक धारा खानेपानी

कहिले ५ वर्ष हो कि, १० वर्ष होकि १५ वर्ष हो कि अनन्त काल हो? कहीँ छ ? मुख्यमन्त्री, जलवायु मन्त्री, कृषि गाउँ भन्नुभयो के छ त्यसको हालत ? १० लाख छुट्याएर नमुना गाउँ बन्न सक्छ ? त्यसको बारेमा कहीँ छ ? मोटरेवल पुल, झोलुङे पुल, आज हामीले यो १ वर्ष तपाईहरु आएको पनि भइसक्यो ।

झोलुंगे पुल कतिवटा बनाउनु भयो ? मोटरेवल पुल कतिवटा बनाउनु भयो ? गएको बाढीपहिरो बाटो एउटा क्षेत्र विक्षत छ वाग्लुङको आज २ नं. क्षेत्र मैले ५० लाख दिनुस् भन्दा २० लाख दिन नसक्ने हालत छ आज वाग्लुङ क्षेत्र २ विगतको २, पहिरोको कारणले क्षतविक्षत छ। अनि बजेटको निरन्तरताको कुरा गर्नु भएको छ, एउटा औद्यौगिक, हामीले गाउँपालिका एउटा उद्योग भन्यो पोखरामा बनाएर देखाउनुस्, नवलपुर बनाएर देखाउनुस्, एउटा त बनाएर देदाउनुस् । एक गाउँपालिका एक खेल मैदान कति सम्पन्न भए, कति बनाउन खोज्दै हुनुहुन्छ ? अनि अन्तर्राष्ट्रिय रंगशाला, अनि भन्नुभाछ गण्डकी पढ्न आउने बनाउने होकि, डुल्न आउने बनाउने हो कि, हनिमुन बनाउन आउने होकि, खेल्न आउने बनाउने होकि, उपचार गराउन आउने बनाउने हो ? कहीँ बहस छ ? ए बाबा लाग्छ फुर्याछ लेख्दिएको छ । भनौं अब डिक्लेयर गरौं गण्डकी प्रदेश हनिमुन मनाउन आउने ठाउँ बनाउने छौं । हामी बुढा भयौं उमेरमा भ्याएनौं उनी युवाहरुलाई व्यवस्था गर्दैछौं भनौ क्या । यही हो हामीले भन्न खोजेको ? गण्डकी पढ्न जाने बनाऔं खोई विश्वविद्यालय ? खोई हाम्रो शैक्षिक अवस्था खोइ ? खोई हाम्रो त्यतातिरको ध्यान? स्वास्थ्य, अन्त कहीं छैन गण्डकी प्रदेशमा फलानो रोगको निदान हुन्छ, गरौं, छैन । त्यसकारण मैले मित्रहरुलाई भन्न चाहन्छु, विगतका कार्यक्रमको निरन्तरता दिने नाममा झारा टार्ने काम गर्नुभयो, एउटा पनि पूरा गर्ने काम भएन ।

मलाई त लाग्छ कि यो अन्तिम संसद, अब फेरी पनि चुनावमा जाँदैछौं, भदौ पछि आचारसंहिता लाग्छ । तपाईंहरुले जतिसुकै बजेट ल्याए पनि यो अब आउने सरकारले कार्यान्वयन गर्ने वाहेक तपाईंहरुका हातमा छैन यो मैले बुझेको छु । तपाईं नीति कार्यक्रम ल्याउनु हुन्छ बजेट ल्याउनु हुन्छ, भदौ असोजमा हामी हनिमुन मनाउन बस्छौ। अनि दशैं तिहार आउँछ छुट्टी, अनि कार्यविधि बनाउँदा मंसिर जान्छ, मंसिरमा अर्को चुनाव। यो नीति कार्यक्रम विलखवन्द छ । तर ल्यायौं छोड्यो, ल्यायो छोड्यो, अर्को

सरकार आउँछ फेरी यो पाना पल्टाउनु पर्दैन । लोकतन्त्रको उपहास, लोकतान्त्रिक संस्कार यही हो ? लोकतान्त्रिक मूल्य मान्यता यही हो ?

जवाफदेही सरकारको हालत यही हो ? यसले गर्दा मलाई लाग्छ हामी प्रदेश समृद्धि बनाउन सक्दैनौं त्यही भएर हामीमाथि यो प्रश्न चिन्ह खडा छ, त्यही भएर यो देशका राजनीति दलहरुमाथि क्वेसन प्रश्न छ । फेरी पनि मित्रहरु, अहिले पनि बजेट ल्याउँदै हुनुहुन्छ जिम्मेवार बन्नुहोस् । म तपाईंलाई एकदम गम्भिरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । मलाई अनौठो लाग्यो, तपाईंहरुको यसो हेरे, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र कहाँ पुगेछ ? पोखरा चक्रपथ कहाँ पुगेछ ? तपाईंहरुको प्रशासनिक केन्द्र कहाँ पुगेछ ? सभाहलको कुरा कहाँ पुगेको छ ? जलवायु मित्र कृषि गाउँ कहाँ पुगेछ ? यस्ता खोज्दै खोज्दै जाँदा १ दर्जन छन्, आज अत्तोपत्तो छैन नाम निरन्तरता दिएको छ । कल्पना गर्नुहोस्, तपाईंको बजेटसँग तुलना गर्नोस् १ नर्स १ स्कूल, १ वार्ड १ प्राविधिक, १ वार्ड एक प्राविधिक, सामुदायिक क्याम्पससँग सरकार, मुख्यमन्त्रीसँग युवा वैज्ञानिक मैले हेरें युवा स्वयंसेवक परिचालन देखि आज जनता आवास कार्यक्रम मेरो जिल्लामा २०० घरको निर्णय गरेको ४ वर्ष भयो, आज ३ वर्ष हुँदा एउटा गरीव बबुरोले ३ लाख साँढे ३ लाख बजेट छुट्याएको छ, घर बनाइसक्यो तर पैसा पाउँदैन ।तर यहाँ भनेको छ, दलित वस्तीको विकास गरीविको निकास ।

यो जनता आवास कस्तो धनीले बनाएको छ कि, गरीबले बनाएको छ, कहीं खोजी छ त्यहाँ ? कहीं हामी त्यसलाई निस्कर्षमा पुर्याउन सकेका छौं ? मैले जिल्लाको मात्रै कुरा गरेको छु । जल यातायातको कुरा गर्नुभएको छ । कहिले हो चलाउने ? कसले चलाउने हो ? जल यातायातको कुरा छ कसले हो चलाउने ? तपाईंहरु ४ वर्ष चलाउनु हुन्छ ? प्रदेश यातायात प्राधिकरण सरचना, प्रदेशमा के बैंक थोरै भएर जनताले ऋण नपाएका हुन् ? अनि प्रदेश बैंक चाहिएको हो यो तपाईंहरुलाई ?

त्यसकारण मलाई लाग्छ, खिसीटिपी हुने, यो हाँसोमजाक हुने काम प्लीज नगरौं कमसे कम सरकार गम्भिर बनौं, गम्भिर बनौं, हामी फर्केर जाँदा हामीले यो यो गयौं, कम्तिमा १०० कि.मि. बाटो ढलान, गयौं पिच गयौं भन्यो, कम्तिमा १०० वटा मोटरेवल सडक,

पुल बन्यो भनौं, कम्तीमा पर्यटक गन्तव्य, आज कारणले मुक्तिनाथमा कति पर्यटन बढे ?

आज कारणले लोमान्थानमा कति बढे ? आज कारणले ढोर पाटन कति मान्छे जाने गरेका छन् ? हाम्रा कारणले लोमानथाङमा कति बढे, हाम्रा कारणले नवलपुर कति? हाम्रा कारणले पोखराको लेकसाइडमा कति मानिस आउने बनायौं वहस छ ? एउटा ट्याक्सी व्यवसायीलाई मिटर रिडीङ ट्याक्सी चढ्न पाउनु पर्यो भनेर पहिलोचोटी यो सांसद १० चोटी यो संसदमा बोल्यौं, आजपनि पोखरामा एउटा ट्याक्सीलाई मिटरमा चलाउन सकेका छैनौं अनि जहिले जनतालाई उपहास गरेर खिसटिपी उडाएर तपाईं कति दिन सरकार चालाउन सक्छौ? त्यसकारणले मैले सरकार पक्षमा रहने मित्रहरुलाई हामी समाजवादका कुरा गरिरहेका छौं, परिवर्तनका कुरा गरिरहेका छौं, के बजेट ५ लाख र ७ लाख गरेर कनिका छरेझैं छरेर समाजवाद आउँछ ? मलाई एउटा बताउनुहोस् वचत ऋण सहकारी संस्था बाहेक एउटा **(माननीय सभामुखः माननीय सदस्य समय सकियो)** पनि सरकारी नाफा छ भनेर मलाई देखाइदिनुस् त ? हाम्रा काउफार्महरु कहाँ गए ? कहाँ गए?

आज युवा ११, १२ पढ्योकि जापान र अमेरिका जानका निम्ति पासपोर्ट बनाइदिने हामी लिडरहरुले भन्न थालेका छौं सार्वजनिक समारोहमा । मान्छे पठाउनुस्, म यति जना मान्छे विदेश पठाइदिन्छु त्यसकारण मलाई भोट हाल्नुस्, यही हाम्रो दैनिकी ? त्यसकारण यो नीति कार्यक्रम हाँस्यास्पद छ, महत्वाकांक्षी छ, धेरै योजना ल्याउनुभएको छ, तर कार्यान्वयन हुनेवाला छैन । त्यसकारण फेरी पनि बजेट ल्याउने कुरा भनेको अन्तिम चान्स छ, अर्थविज्ञसँग सल्लाह गर्नुहोस् । तपाईंको बजेटको राशी कति हो ? आधि भन्दा बढी तपाईंको चालु खर्च जान्छ, बाँकी तपाईंले जति वटा संवोधन गर्न सक्नुहुन्छ प्लिज ।

१० वटा पोखरी बनाउन सक्नुहुन्छ भने १० वटा बनाउने भन्नुहोस् । एक निर्वाचन क्षेत्र एक सडक पूरा भएको छैन तपाईं अर्को कृषि सडक थप्दै हुनुहुन्छ के ढाँट्ने र छल्ने पनि कति दिन छल्ने (माननीय सभामुखः माननीय सदस्य समय सकियो) त्यसकारण जिम्मेवारी बन्नका निम्ति आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य मन बहादुर गुरुङ ।

**माननीय पुष्पा के.सी. भण्डारी**

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुखज्यूले सम्मानित प्रदेशसभा समक्ष प्रस्तुत गर्नुभएको आ.व. २०७९/८० को नीति तथा कार्यक्रममाथि आफ्नो धारणाहरु राख्ने अनुमति प्रदान गर्नुभएकोमा धन्यवाद प्रकट गर्दछु ।

सभामुख महोदय, २८६ बुद्धामा समेटिएको यो नीति तथा कार्यक्रमलाई सुन्दा र अध्ययन गर्दा मन प्रसन्न भएर आउँछ । कति राम्रो हो ? कस्तो कुनै पक्षलाई पनि नभुलेको होला, जुन वर्गका व्यक्ति या समुदायले पनि त्यो कुरामा उपस्थित हुन सक्छ । कसैले पनि यो नीति कार्यक्रम हेरिरहँदा मन दुखाउन सक्दैन । तर हेरिसकेर एकछिन गालामा हात राखेर थोरै निधारा खुम्च्याएर सोच्दा चिनी भन्दा गुलियो हुँदा तीतो हुने हो कि भन्ने लाग्यो। लागु हुन सकेन भने त्यो तीतो हुन्छ ।

सभामुख महोदय, सुन्दर सुन्दर स्लोगनहरु राखेर प्रस्तुत गरिएका कार्यक्रमहरुले कसको ध्यान खिच्दै र ? त्यसमाथि महिला बालबालिका उपेक्षित असक्तका कुरा आउँछन्, मेरो ध्यान त्यतातिर त्यतिकै पनि खिचिन्छ । झन् त्यस्तो सुन्दर नारा पनि भएपछि त के कुरा? प्रदेश सरकारको प्रतिवद्धता मर्यादित महिनावारी र स्वच्छता । यो कुरा केन्द्र सरकारले पनि ल्याइसकेको हुँदा यहाँ समन्वयका लागि राखिएको होला भन्ने मेरो बुझाई छ । त्यस्तै संवेदनशील विषय छ अर्को, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य र पोषणको कुरा यसमा स्थानीय तहसँग समन्वय गरी विशेष प्याकेजको व्यवस्था गरिने छ भनेर उल्लेख छ । त्यस्तै अर्को स्लोगन छ सुत्केरी आमा पोषिलो खाना कार्यक्रम । यसलाई पनि स्थानीय तहसँगको सहकार्यमा पोषण भत्ता उपलव्ध गराइने छ भनिएको छ। यो कार्यक्रम अति विपन्न सुत्केरीलाई ४५ दिनसम्मको लागि भनिएको छ । यी विषय हरेक महिलाका लागि उत्तिकै महत्वपूर्ण छन् ।

सरकारले ल्याउने भनेको विशेष प्याकेज के हो ? यस्तो अमूर्त कुराले पोषिलो आहार बन्छ र ? स्थानीय तहसँगको समन्वय भनेको कस्तो हो ? भुक्तानी दिने माध्यम हो त्यो या गर्भवति या प्रसूति भएका सुत्केरीको संख्या पत्ता लगाउने हो यहाँ अरु केही ? त्यस्तै अति विपन्न सुत्केरीलाई पोषण भत्ताको कुरा त मेरो माग नै थियौ, धेरै पहिलाबाट । तर ४५ दिनका लागि नभएर ६ महिनाका लागि थियो । प्रसूतिका सुनौला हजार दिन भन्ने सरकारी नारा सुनेको बेला देखि आज सम्म मेरो एउटै भनाइ रहयो भोको पेट लिएको आमाले कसरी ६ महिनासम्म आफ्ना शिशुलाई स्तनपान मात्र गराएर पाल्न सक्छिन् ? सबै धनी हुँदैनन् र सबै गरीव हुँदैनन् । नरोईकन खोले चटाएर आफ्नो र शिशुको भोक मार्न पर्ने वाध्यता भएको बेलामा सिद्धान्तले कहाँ पेट भरिन्छ र ? भन्दै आएकोमा यो ४५ दिनसम्मलाई भत्ता दिने भन्ने सुन्दा पनि राहत महसुस भएकै हो । तर स्थानीय तहसँगको सहकार्यमा भनेको सुन्दा मनमा प्रश्न उब्ज्यो, कस्तो सहकार्य हो ?

बजेटको या वितरणको या पहिचानको? यो बजेटमा स्पष्ट भएन भने यसको कुनै अर्थ हुँदैन, किनकि यो सरकारले यी सुन्दर कुराहरुलाई लागु गर्ने त समय नै छैन, सबैलाई थाहा भएकै कुरा हो, निर्वाचन छिट्टै आउँदैछ । यो सरकारले यो नीति कार्यक्रम लागु गर्न भ्याउँदैन । तर पनि सुन्दर दस्तावेज बनाएर त्यसैलाई हामीले यस्तो गर्दैथियौं, उस्तो गर्दैथियौं भनेर यसैलाई नै भजाउन खोजियो भने उचित हुँदैन । कुरा ल्याउनुभयो, भत्ता दिएर देखाउनुहोस् । एमालेले वृद्ध भत्ता दियो भन्न सक्ने जनताले, गठवन्धनले सुत्केरी भत्ता दियो पनि भन्ने छन् । जनताले सुख पाउँदा बेखुशी हुनु पर्ने कारण छैन, लागु गरेर छोड्नुपर्छ । विगतको सरकारले गरेका स्वास्थ्य सम्बन्धीका धेरै कामहरुलाई निरन्तरता दिंदै थप कामहरु पनि समावेश गरिएको छ, त्यसलाई पूरा गर्न सक्नु आफैमा चुनौतिपूर्ण छ, कोसिस गर्नु राम्रो कुरा हो गर्नुपर्छ भलै समय छोटो किन नहोस् ।

सभामुख महोदय, प्रदेश सरकारले आफैं गर्ने काम भन्दा सहयोग पुर्याउने, समन्वय गर्ने जस्ता शब्द प्रयोग गरेर आफ्नो उपस्थितिको औचित्यमाथि नै प्रश्न उठाएको जस्तो देखिन्छ । ती कार्यक्रम र कार्यान्वयनको बानी परेकोले होला यो नीति कार्यक्रम हेर्दा समन्वयकारीको निकायको कार्य जस्तो लागेर २०७७/७८ को नीति कार्यक्रम मैले पनि यो हेरेको थिएँ, नीति कार्यक्रम पल्टाउन मन लाग्यो, नियाँलेर तुलना गरी हेरें, निरन्तरता

दिएका कार्यक्रम जनि सटिक छन्, नयाँ कार्यक्रम समन्वयमा आधारित देखिन्छन् । सकेसम्म कार्यक्रमहरु आफ्नै बलमा अगाडि बढाउन सके सरकार हुनुको औचित्य पुष्टि हुन्छ भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, एक वडा एक जेष्ठ नागरिक दिवासेवा केन्द्रका लागि जे जति व्यवस्था गर्ने भनेको छ त्यो निःवर्तमान सरकारले गरेको कामको निरन्तरता हो भन्दा अत्युक्ति नहोला । अब यो सरकारले एक वडा भनेर तोकिरहँदा वडा कत्रो हुन्छ ? वृद्ध त्यो दिवा सेवा केन्द्रसम्म कसरी पुग्ने ? पुरानो २ वटा गाउँपालिका जत्रो अहिले एउटा वडा हुन्छ, अनि त्यो वडास्तरीय सेवा केन्द्रमा बाआमा कसरी पुग्न सक्छन् ? कि त त्यो वडामा घटिमा ४—५ वटा सेवा केन्द्रको व्यवस्था गर्नु पर्छ, कि त यातायातको व्यवस्था हुनुपर्छ। नत्र ६८ वर्ष वृद्धभत्ता बनाइदिए पनि बसभाडामै जान्छ । बाआमालाई यातायातमा निःशुल्क कार्ड लागू भए जस्तो त लाग्दैन ।

सभामुख महोदय, लैंगिक तथा यौनिक अल्पसंख्यको बारेमा यो पुस्तिकामा दुई ठाउँमा उच्चारण भएको पाएको छु जुन ७७ र ८४ बुद्धामा उल्लेख भएको देखिन्छ । सचेतना उनीहरुलाई नभई समाजलाई गर्नु पर्नेछ । यहाँ उनीहरुलाई सचेतना गर्नुपर्ने भनिएको छ। अनि क्षमता विकास र मूल प्रवाहिकरण यौनिक र लैंगिक अल्पसंख्यकलाई गर्न पर्ने भयो । यही भनिएको पनि छ तर विभिन्न कार्यक्रम भनेको के हो ? यो पनि अमूर्त नै छ । अरुलाई जस्तो उनीहरुलाई पनि रोजीरोटीका कुरामा प्राथमिकतामा या सुरक्षाको खाँचो छ । हिजो जस्तो लुकेर नबसी बाहिर निस्केर आफ्नो अधिकार राज्यसँग मागिरहेको बेला राज्यको यो अमूर्त उत्तरले चित्त बुझ्ने छैन । स्पष्ट कार्यक्रम भएको हुनुपर्छ, जसले पहिला सीप, सीपले काम, कामले माम हुनुपर्छ ।

सभामुख महोदय, विभिन्न बुँदामा विभिन्न खाले नागरिक, महिला, युवा, विदेशबाट आएका रोजगारी गुमाएका बोटे, माझी, मुसहर, सिमान्तकृत आदि आदिलाई क्षमता वृद्धि गराउने, सीप सिकाउने व्यवसाय जमानत यस्ता केही गरेर बीउ वा बीउपूँजी दिएर उत्पादन कार्यमा लगाउने, रोजगारी दिने भनिएको छ तर त्यो उत्पादन कसले खरिद गरिदिने ? राम्रो नराम्रो जस्तो उतपादन हुन्छ, त्यसको विक्रीको सुनिश्चितताले व्यक्ति ढुक्कले काम गर्न सक्छ । तर त्यसको प्रत्याभूति सरकारले दिन सकेको छैन । एक वा दुई वटा

सन्दर्भमा यो पुस्तिकामा सो कुरा भेटिन्छ, नत्र छैन, अनि कुन मनोवलले उद्यम गर्न उद्यत हुन सक्छ ? त्यसमाथि समाजमा पनि खुल्न पनि नसकेको वर्गले झन् कसरी अगाडि बढ्ने? यो  सबै अझै सवालनै छ सभामुख महोदय।

स्वरोजगार पछिको बजार नहुँदासम्म सबै कुरा मात्र हुन जान्छ । गरिखाने अभियानले गरेर खाने मात्रै भन्दैन होला । लगाउने, पढाउने, पाल्ने गर्नलाई  गरेको चिजको बजारको खोजी गर्ला ? त्यो बजार कहाँ हो ? गाउँ, शहर, प्रदेश, देश या विदेश खुल्न पर्यो अनि गरिखान जाँगर आउँछ नत्र ऋणको भारले मरिजानु बनाउँछ र बनाएको पनि छ ।

सभामुख महोदय, छोरीहरुमाथि अनेक थरिका हिंसा गरेर गइरहेको बेला खेल छ गण्डकी सबैका लागि खेल्छन् छोरीहरु आत्मरक्षाका लागि भन्ने नारा सहित हरेक विद्यालयमा छोरीहरुका लागि आत्मरक्षाका सम्बन्धी खेल अनिवार्य गराउन किन नगरेको? यो खेलबाट कति छोरीहरुले देशका पदक ल्याएका छन् भनी, सबै छोरीहरुले पदक नलाए पनि ढुक्कसँग बाटो हिंड्ने त सक्ने थिए । यतातिर सरकारले ध्यानै गएन । विगतको सरकारले १० लाख सिड मनि राखेर थालनी गर्न खोजेको भए पनि कोभिडका कारणले अघि बढेन । तर यो सरकारले विकासका सबैजसो कार्यक्रमहरुलाई निरन्तरता दिंदा यस्ता कार्यक्रमहरुलाई किन स्मरण गर्न नसकेको ? छोरीहरुलाई सुरक्षित कानुनले मात्र होइन, कारणले पनि बनाउनु पर्छ ।

सभामुख महोदय, यो नीति कार्यक्रमले पर्यटनलाई राम्ररी केलाएको छ । पर्यटकको सुरक्षाको कुरा पनि गरेको छ तर मूल कुरा पर्यटकीय गन्तव्यको, मूल सुन्दरता के हो ? के का निमित त्यो ठाउँमा  पुगिन्छ ? त्यो ठाउँको पहिचान के हो ? त्यसको संरक्षणमा ध्यान पुगेको छ कि छैन ? भन्ने कुरामा भने विचार पुगेको देखिदैन । नाम नलिउँ पोखराको एउटा अति सुन्दर गाउँ छ, पोखरा आउने पर्यटकलाई त्यो पैदल यात्राको प्रमुख गन्तव्य थियो । अहिले मोटरबाटो भएछ यहाँको जस्तै होटल बनेछन्, त्यहाँ पुग्दा पर्यटकले जे वयान सुनेर गएको त्यो त अहिले छैन अनि पर्यटक निराश हुन्छन् । यस्तो हुनबाट बचाउन सरकारले त्यस्ता गन्तव्यको मौलिकतालाई बचाउनको लागि ध्यान दिनु पर्छ । त्यो चिजलाई जोगाउनु पर्यो । जस्तै घर रहनसहन, खेती, वनस्पती, हिमाल, पहाड, वन, चराचुरुंगी, सीमसार, पार्क, वन्यजन्तु आदि के हो यसलाई जोगाउनु पर्छ ।

मानौं घर पुरानो भयो, त्यो ठाउँ घरहरुले प्रख्यात छ भने त्यही ठाउँमा सुविधायुक्त घर बनाउन स्थानीयलाई प्रेरित गर्नु पर्छ नि, सचेतना यस्तोमा चाहिन्छ सरकारले, सरकारले बुझेको होला लेख्न छुटेछ ।

सभामुख महोदय, यहाँ एउटा रोचक प्रसंग आयो, कोदोको । वर्तमान मुख्यमन्त्री प्रतिपक्ष दलको नेता भइरहँदा यही सदनमा कोदोको रक्सीलाई ब्राण्डिङ गरेर बजारमा ल्याउनु पर्छ भन्ने कुरा राख्नुभएको कुरा मेरो स्मरणमा ताजै छ । उहाँको त्यो माग आफै मुख्यमन्त्री हुँदा संबोधन भएको छ । १२५ नं को बुँदाले कोदोको पकेट क्षेत्र तोक्ने र बजारीकरणसम्मको कुरा गरेको छ भने बुँदा १७३ कोदोको रक्सी ब्राडिङ गरी बिक्री गर्ने व्यवस्था मिलाइने छ भनेको छ। मुख्यमन्त्रीको कोदो रक्सी र कोदोको रक्सी जस्तै सबै उत्पादनमा भइदिएको भए यस अघि बढेको भए यस अघि बजार भनेर मैले जति समय खर्चिएँ त्यो खर्चिनै नपर्ने । हजुरलाई वधाई छ । यही कुरा भनिरहँदा त्यो कोदोको रक्सी बनाए भनेर धेरै फोर्दै हिँड्ने आमा समूहहरुको आमालाई सम्झेको छु । हाम्रो मुख्यमन्त्रीज्यूको कुरा उनीहरुले पनि बुझ्लान् नि । यसो भनिरहँदा यो कुरा गरिरहँदा भाँगेको कुरा गर्नलाई माननीयज्यूले डराउनु पर्छ जस्तो मलाई लाग्दैन ।

माननीय सभामुख महोदय, शहरको कुरा यहाँ आएको छ । त्यही खेतमा कुलो ल्याएर सिँचाई गर्ने, त्यही खेतमा शहर बनाउने यस्तो द्विविधायुक्त कुरा यहाँ देख्न पाइन्छ । के खेतहरु शहर बनाउनको लागि हुन् ? के शहर बनाउनका लागि अर्को ठाउँ खोज्नको लागि उपयुक्त थिएन ? यो मेरो सरकारलाई प्रश्न छ । त्यस्तै विद्युतीय चुलो र विद्युतीय गाडीको कुरा पनि यहाँ आएको छ सभामुख महोदय । विद्युतीय चुलो र विद्युतीय गाडीलाई चलाउनका निम्ति र सामानहरु समे उपलव्ध गराउने भन्ने कुरा गरिएको छ । हिजोआज यो देशमा कहिलेकाहीं ठूलो नाम लिएर उच्चारण गरिरहेको व्यक्ति अहिले पनि त्यही ठाउँमा सरकारमा मन्त्री र विद्युत प्राधिकरणको (माननीय सदस्य समय सकियो) कुरा भइरहँदाखेरी आज किन यो व्यक्ति गरिरहेको हुन्छ ? के त्यसले त्यो विद्युतीय चुलो र त्यो विद्युतीय गाडीलाई संचालन गर्न देला सभामुख महोदय ? धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मन बहादुर गुरुङ**

सभामुख महोदय, समयको लागि धन्यवाद। आज सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी भएको छु । औषधी तीतो हुन्छ, अर्ती र उपदेश पनि तीतो हुन्छ भनेर भनिन्छ । त्यसकारणले यो तीतोको रुपमा नलिइदिंदा राम्रो हुन्छ, सुझावको रुपमा लिँदा राम्रो हुन्छ भन्ने भनाई हो। विगतको नीति कार्यक्रम पनि हेरें र अहिले २८६ मा आएको नीति कार्यक्रम र विगतमा १८६ मा आएको रहेछ र ५०—५५ वटा नारा सहितको यो नीति कार्यक्रम आएको छ । धेरै दल भएको हुनाले धेरै बुँदा आएको हुन सक्छ । त्यसमा हामी छलिरहनु पर्दैन । तर यो नीति कार्यक्रममा सरकारले धेरै कुरा संघ सरकारसँग समन्वय गरेर अगाडि बढ्ने छ, व गरिने छ भन्ने बुँदाहरु आएको छ । मैले धेरै पल्टाएर हेरें, यो संघ सरकारसँग समन्वय गरेर भूमिहीन र अव्यवस्थित घरटहराहरुको पनि बसोबासहरुको पनि व्यवस्था समन्वय गरेर गर्दा त राम्रै हुन्थ्यो कि? सरकारसँग मेरो प्रश्न ।

हामी समृद्ध प्रदेश बनाउने भनेका छौं, सुखी नागरिक बनाउने भनेका छौं हाम्रो उद्देश्य हाम्रो लक्ष्य । त्यसकारणले यो कुरामा सरकारको ध्यान जाँदा राम्रो हुन्छ कि? मैले यो प्रश्न किन सरकारसँग गर्न खोजेको भने, सरकारले गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ६.१७ प्रतिशत भनेको छ । यो प्रदेशभरिको दोस्रो प्रदेश हो । तर यसको साथसाथमा विगतमा एउटा तथ्यांक आएको गियो ७४.९१ गरीवको रेखामुनि रहेको तथ्यांक पनि हामी सबैले सार्वजनिक यही सदनबाट गरेका थियौं । तर यो आर्थिक वृद्धि दर भइरहदा यो गण्डकी प्रदेशमा ३ लाख ७१ हजार गरीविको रेखामुनि रहेको जनताको आर्थिक उन्नति कति भयो ? र कति प्रतिशतको दरले त्यो गरीविको रेखामुनिको घट्दो भयो भन्ने तथ्यांक भएर आएको भए राम्रो हुने थियो । अब वडो गज्जव छ, हामी २०३० मा हामी दीगो विकासको लक्ष्य पूरा गरेर हामी अगाडि बढेका छौं । तर १ लाख २ लाख गण्डकी प्रदेशले बाँडेर हामी दीगो विकासको लक्ष्यमा पूरा गर्न सक्छौ ? हामी दीगो विकासको लक्ष र सहायक लक्ष्य पूरा गर्न सक्छौ ? यो सरकारसँग मेरो प्रश्न । विद्धान् माननीयहरुले यो २६ नं. को बुँदामा जुन एम्वुलेन्स नभएको ठाउँमा एम्वुलेसन्स पुर्याउने

स्थानीय सरकारसँग सल्लाह गरेर भन्नुभएको छ । एम्वुलेन्स पुर्याउनको लागि त्यहाँ यातायाताको सुविधा छ कि छैन, हामीले बाटो बनाइदिएको छ कि छैन भन्ने पहिलो हेक्का त सरकारले राख्नुपर्यो  नि । अर्को कुरा यो ३३ नं. बुँदामा लेखिएको छ, यो एक विद्यालय एक  नर्सको कार्यक्रम । मेरो विचारमा, यो निरन्तरता होला पनि जस्तो लागेको छ । सरकारले गत वर्ष ल्याएको हुनु पर्छ यो कार्यक्रम । कति विद्यालयमा नर्सको व्यवस्थापन गरिसकेको छ, कति विद्यालयमा बाँकी छ, यसलाई निरन्तरता ल्याउनु पर्ने कारण के थियो सरकार ? मेरो सरकारसँगको भनाई । यो बुँदा नं. ५२ मा छ, यो कोभिड—१९ मा जुन छात्रवृत्ति दिने ।करिव करिव कोभिडको नियन्त्रण गरिसकेपछि, फेरी पनि निरन्तरता यो कार्यक्रम ? कति बाँकी छ त्यतिलाई दिइसकेको छ ? यो सरकारसँग मेरो प्रश्न । बुँदा नं. ५८ मा छ बडो खुशी लागेको पनि छ । जात जाति, जनजाति भनेर, संग्रहालयको संरक्षण गर्ने, स्मृति पार्क बनाउने, त्यसको तथ्यांक साँच्चिकै सरकारसँग छ कि छैन हो ? १ गते त पक्कै पनि सरकारले बजेट त ल्याउला, त्यसको बारेमा सरकारसँग कार्यक्रम त राम्रो छ, तर यो तथ्यांकमा सरकारसँग छै कि छैन भन्ने कुरामा म सरकारसँग यो तथ्यांक छैन कि भन्ने कुरा विश्वाश गरेको छु  ।

त्यसो भएको हुनाले यदि तथ्यांक लिएर साँच्चिकै कार्यक्रम ल्याएको छ भने धन्यवाद । यो बुँदा नं. ७४ मा छ, यो विश्वको ज्ञान गण्डकीमा, गण्डकी प्रदेशसँग गुणस्तरीय शिक्षा पाउँ । मलाई अनुभूति भएको छ, अब काठमाडौं पढ्न जानु पर्दैन कि नानीबाबुहरु, कतै अष्ट्रेलिया त जानु पर्दैन कि ? यो कस्तो खालको विद्यालय बनाउँदै छ ? यो नीति कार्यक्रमलाई हेर्दा स्वास्थ्य र शिक्षालाई बढी जोड दिए जस्तो छ, साँच्चि कै यही भएर होला अब काठमाडौं जान नपर्ने पो हो कि ? हामीले स्वास्थ्यलाई डायोलेसिस गर्ने वा मृगौला प्रत्यारोपण गर्ने कुरा राखिएको पनि छ, तर म सरकारसँग आग्रह गर्न चाहन्छु, निवेदन गर्न चाहन्छु, यो सबै ठाउँमा कमसे कम पोखरा गण्डकी प्रदेशको राजधानीमा विरामी काठमाडौं जान नपर्ने वातावरण बनाईदिनुहोस् । अब यस्तो खालको परिस्थिति सृजना हुन्छ कि हुँदैन ? हटएट्याक भएको विरामीलाई  काठमाडौं लानु पर्दैन कि हेलिकप्टरमा ? सरकार मेरो विचारमा सरकारको ध्यान त्यहाँ केन्द्रित भएको छ कि ? बुद्धा  नं. ८७ मा  आएको छ, दलित वस्तीको विकास गरीविको निकास । मैले अघि

नै भने ५० देखि ५५ नाराहरु ल्याएको छ, यो के हो ? मैले अलि राम्रोसँग बुझ्न सकेको छैन सरकार ? कहाँनिर छ यो दलित वस्ती भनेर छुट्टै ?

यो दलित वस्तीमात्रै हामीले विकास गर्नुपर्ने, गरीविको निकास दिनु पर्ने ? यसकारण यो मेरो विचारमा यो विकास गर्नु पर्ने ठाउँ त अरु ठाउँ त छैन कि ? सरकारले मेरो विचारमा कमजोरी कतै गरेको छ होइन ? यो १२७ नं. बुँदामा लेखिएको छ, विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम । यो कस्तो खालको मुख्यमन्त्रीको कार्यक्रम हो विपन्न वस्ती ? नेपालमा कहाँ निर छ विपन्न नभएको वस्ती ? यो गण्डकी प्रदेशमा कहाँनिर छ सुखी क्षेत्र वा सुखी वस्ती । यो विपन्न वस्ती, त्यसकारणले यसको क्राइटेरिया वा तोकिसकेको छ कि यो के हो ? कमसे कम १५१ बुँदामा आएको रहेछ, पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गर्न संघ सरकारसँग समन्वय गर्ने । यो संघ सरकारसँग राजधानी विकास गर्ने कुरामा मेरो विचारमा विकास गरौं न, पोखरालाई विकास गरौं न, पर्यटकीय क्षेत्र बनाउ न, तर यहाँ एउटा आएको छ यो हनिमुन टुरिजम क्षेत्र जुन १६१ बुँदामा आएको छ कि, अब यसमा के लेखिएको छ भने प्रदेशको सुन्दरता हावापानीको विशिष्टतालाई उपयोग गर्दै भनेको छ, यो कतै नवलपुर र मनाङ मुस्ताङलाई मात्र हो कि फेरी ?

यो फेरी राजधानी पर्यटकीय विकास बनाउने भन्ने फेरी यो विशिष्टता कायम गर्ने हो भने यो पनि कतै जाडो ठाउँर गर्मी ठाउँलाई पो फोकस गरेको हो कि ? के हो यो मेरो प्रश्न। अर्को वडो राम्रो कुरा ल्याएको छ यो १६७ बुँदामा, पोखरालाई क्यासलेस सिटीको रुपमा विकास गर्ने (माननीय सदस्य समय सकियो), त्यसको पूर्वाधार विकास गर्ने भनेको छ । म सरकारसँग के आग्रह गर्न चाहन्छु, हामीले यो प्रदेशको जनतालाई त्यो अवस्थामा पुर्याउन सकेको छ कि छैन ? त्यो विशेषता हामीले बनाउन सकेको छ कि छैन ? पूर्वाधारको विकासमा हाम्रो विकास त्यहाँसम्म पुगेको छ कि छैन ? त्यसकारण म सरकारसँग प्रश्न गर्न चाहन्छु र पोखरालाई वा राजधानीलाई अरु विकास गर्न सक्दैन भने राजधानीलाई विकास गर्ने कुरामा सरकार पछि नपारोस् यही शुभकामना । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य जनकलाल श्रेष्ठ ।

**माननीय प्रभा कोइराला**

सभामुख महोदय, २०७९/८० को नीति तथा कार्यक्रम प्रदेश प्रमुख माननीय पृथ्वीमान गुरुङज्यूले सम्मानित सभामा पेश गरेपछि हामी यस विषयमा निरन्तर छलफलमा जुटिरहेका छौं । नीति तथा कार्यक्रम पेश गर्दैगर्दा सरकारका मन्त्री नै नदेखेपछि मलाई लाग्यो दाल मे कुछ काला है भन्ने लागिहाल्यो । सरकार आफ्ना मन्त्रीहरुको खोजी गर्नु पर्दैन, कहाँ हुनुहुन्छ मन्त्रीहरु ? अनि छलफलका क्रममै सत्तापक्षका केही सांसदज्य ूहरुका अभिव्यक्तिबाटै प्रष्ट भयो कि, यो नीति तथा कार्यक्रम पारदर्शी छैन । यो नीति तथा कार्यक्रम पारदर्शी छैन भन्ने दलिय गठवन्धनमा छलफलै भएन भन्ने पनि लागिहाल्यो । अनि प्रतिपक्षका लागि के हुन सक्छ भन्ने पनि लाग्यो । निलो किताव पल्टाएर पढैं हेरें ५२ पेज भित्र २८६ वटा बुँदामा यसका नीति तथा कार्यक्रमको व्याख्या र विश्लेषण आफैले पढैं विश्लेषण गरें मलाई लाग्यो यो कितावलाई युवा होइन, एउटा बुढो जिंग्रिङ परेको उँट हो जस्तो लाग्यो मलाई । किनभने पाँच दलीय गठवन्धले जेजे राख्न पर्छ भने त्यही गरेर राखेको हो कि भन्ने लाग्यो । शीर्षक एकातिर छ भन्न खोजिएको एकातिर छ, सुझाव जसरी आएको हो त्यसैगरी राखेको भन्ने बुँझे मैले ।

मेरो व्रह्मले सत्य बोल्नु पर्छ भन्ने ठान्यो त्यसपछि अझै हेरें यो कितावलाई । यो कार्यक्रमले हजारौं योद्धाहरुको अपमान गरेको महसुस गरें । संघीयता कमजोर बनाउने खालको योजना लाग्यो । संघीयता कमजोर हुँदा राजनैतिक दलहरु पनि त कमजोर हुन्छन् होला नि । सरकारले हेक्का गर्न पर्ने विषय ठानें मैले ।

सभामुख महोदय, विगतका योजनालाई निरन्तरता दिनु पर्दैन ? यदि त्यसो गर्न सकिएन भने जनताले के ठान्छन् के हामीसँग के चाहन्छन्, के पूरा गर्छन् जनताले हामीसँगबाट ? त्यसकारण मैले यसो अझै हेरें विगतका पुल अलपत्र छन्, खानेपानी अलपत्र छन्, सिँचाई अलपत्र छन् । मेरो क्षेत्रको पोखराको २ नं. क्षेत्रको २ (ख) मा २० नं. वडामा एउटा सिँचाईको योजना थियो, ३ वर्षदेखिबाट त्यो कार्यक्रम निरन्तर निरन्तर हुँदै आएको कार्यक्रम थियो यसवर्ष सर्लक्कै काटेर त्यो योजना १६ मा पुगेछ के । यति साह्रो

लाजमर्दो काम सरकाले गर्न हुँदैन भन्ने लाग्छ मलाई । त्यसपछि कमसेकम जनताका न्यूनतम आधारभूत आवश्यकताहरु पूरा होलान् भन्ने मैले ठानेको थिएँ तर हुन सक्छन् जस्तो लागेन । योजनाहरु असाध्यै महत्वांकाक्षी छन्, प्रदेश समृद्ध विकास गर्ने भनेर भनिएको छ र जनतालाई सुखी बनाउने भनेर भनिएको छ । प्रदेश समृद्ध र जनतालाई सुखी बनाउने खालका योजना देखिएन । किन देखिएन भने सरकारको आयु पूरा ५ महिना पुगेर ६ महिना छ होला ।

कार्तिक र मंसिरमा त निर्वाचनै भनिसकेको छ। यहाँले ल्याएको नीति तथा कार्यक्रम २०—२५ वर्ष सम्मको लागि पुग्ने खालको छ । भोलि आउने सरकारले यही नीतिलाई फलोअप गर्दै जानुपर्छ भन्ने पनि छैन होला नि त । छैन रहेछ भन्ने प्रष्टै भयो अहिले । त्यसकारले गर्दाखेरी सरकारले ल्याएका यी कार्यहरु शंका गर्नु पर्ने ठाउँमा छन् है । सरकार सचेत हुन जरुरी छ । नीति तथा कार्यक्रम गफै गफको पुलिन्दा जस्तो ठाने के मैले । पाँच दल मिलेपछि त भयंकर विकासको आशा गरेको मैले । विगतको सरकारले गरेको कामलाई निरन्तरता नदिने अनि गठवन्धनको सरकारले चुनावी नारा ल्याउने, यो निलो किताबभरि चुनावमा अघि पनि आए विद्धान साथीहरुले धेरै विषयहरु राखुभएको छ, साँच्चै भन्नुपर्दा चुनावी एजेण्डा त होइनन् भन्न पनि सकिन्छ । यो किताबभरि स्लोगनै स्लोगनले भरिएको छ ।

सभामुख महोदय, यो गठवन्धको सरकारले अनि मैले पढें महिलाहरुलाई अझै दोस्रो दर्जाको नागरिकको रुपमा हेरेको मैले महसुस गरें किनभने अहिले पनि सरसर्ती हेर्दा हरेक आन्दोलनमा महिलाहरुको आवाज चर्का हुन्छ, हरेक आन्दोलानमा अगाडि बढेको हुन्छ र परिवर्तन सँगसँगै अगाडि बढेका हुन्छन् तर राजनीतिक दलहरुले त्यसलाई महसुस गर्न सकेका छैनन्, किन सकेका छैनन् भने आज १२ जना मन्त्रीमण्डल बनाउँदा पनि १ जना महिलामा मात्रै सीमित राख्ने भनेको यो सामन्तवादी सोच भन्दा फरक हुन्छ जस्तो मलाई लाग्दैन । त्यसकारण दलिय गठवन्धनकै कारण देशैभरि २०० भन्दा बढी उपप्रमुखमा महिला छैन यतिबेला । भर्खरै निर्वाचन भयो स्थानीय तहको त्यो निर्वाचनमा २०० भन्दा बढी ठाउँमा छैनन् उपप्रमुखमा महिलाहरु, संविधानले दिएको अधिकारलाई यो ५ दलिय गठवन्धनले अस्वीकार र वेवास्ता गरेको छ । यो विषयमा सरकारको

गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु । अनि यो निलो कितावको ७८ नं. बुँदाले के भनेको छ भने, सक्षम महिला समानान्तर पाइला भनेको छ नि ।

अनि महिलाको वृद्धि ल्याउँछ समृद्धि भनेको अर्को बुँदाले, यसैलाई कटअफ गरेर अर्को बुँदा १२२ मा आएर महिलाको रोजगारी कृषिको जिम्मेवारी भन्ने विषयले एकछिन त म घोरिएर के भन्न खोजेको होला? भन्ने सोचमा परें । किन यसरी सोचमा परें भन्दा, अबका महिलाहरु भनेको के कृषि क्षेत्रमा मात्रै, गोठ खेतमा मात्रै के महिलाहरु सीमित हुने पञ्चायत कालमा त घरका चार दिवारभित्र महिलाहरु बस्ने कुरा थियो । अब यो परिवर्तशील समयमा महिलाहरु अझै पनि गोठ र खेतमा मात्र बस्ने? यो सामन्तवादीको सोचको उपज नभए के हो त ? यो विषयमा पनि मलाई चासो लागेको छ । त्यसकारण सरकार अब पनि महिलाहरुलाई अलमलाउन नखोज भन्ने मलाई लागेको छ । सरकारलाई के पनि चुनौतिका साथ म के भन्न चहान्छु भने अबका महिलाहरुले हरेक प्रकारका च्यालेन्ज सहन सक्छन्, चुनौतिहरुको सामान ा गर्न  सक्छन्। अब महिलाहरुले त्यो हैसियत बनाइसकेका  छन् । त्यसकारण जो  कोही सरकारमा रहनेहरुले महिलाको अपमान गर्ने, अवमूल्यन गर्ने सोच बनाइन्छ भने परिवर्तनशील अवस्थाको पनि वेवास्ता गरिएको हुन्छ । विगतको सोच भन्दा पनि केही  फरक नभएको हुन्छ । त्यसलाई सामन्तवादी सोच भन्दा अरु केही उपमा दिन सकिन्न जस्तो लाग्छ मलाई । त्यसकारणले गर्दा यहाँनिर सरकारको ध्यान पुगोस् भन्ने पनि चाहन्छु ।  अबको महिलाहरु २१ औं शताव्दीमा फड्को मारिसकेका छन् । सोचको विकास गर्न जरुरी देखेको छु   मैले । हरेक प्रतिकृयाहरुलाई प्रतिवाद गर्न सक्ने महिलाहरु जन्मिसकेका छन् भन्ने विषयमा सरकार हेक्का राखेस् भन्ने चाहन्छु ।

सभामुख महोदय, जति पढ्यो नि पनि हामी त केही होइनौं भन्ने  ठाने के मैले । जति पढ्यो त्यस्तै लाग्यो । विश्वको ज्ञान गण्डकीमा भन्ने सरकारको हैसियत  गण्डकीको ज्ञान विश्वमा भन्न सक्ने छैन । त्यति बनाउन सक्दैन सरकारले? के छैन गण्डकी बासीसँग ? गण्डकीवासीले पढाएका छोराछोरीहरु आज हरेक विदेशमा दोस्रो मुलुक देखि तेस्रो मुलुक मात्र नभई खण्डहरमा समेत हाम्रा छोराछोरीहरु पुगेका छन् । त्यहाँ पुगिसके पछि ती बालबालिकाहरुलाई उनीहरुलाई यथेष्ट रुपमा तलव दिइएको छ, भत्ता दिइएको

छ, त्यो तलव र भत्ता त्यो सुविधाको कारण आज बच्चाहरु नेपाल फर्कन नसक्ने अवस्थामा छन्। अनि हाम्रो सोचका कारण हो कि होइन त्यो भएको ? यसकारणले विदेशका हरेककुरा नेपालमा नभईकन नेपालका हरेक बस्तुहरुलाई प्रमोट गर्न सक्ने क्षमताको विकास गर्न पर्छ नि सरकार । यो विषयमा पनि म आफूलाई अलिकति सोध्न मन लाग्यो ।

त्यसकारणले गर्दा अनि अरु कुराहरु धेरै आइसकेका छन्, मेरो दलका साथीहरुले भनेको विषयहरुमा सहमत हुँदै अनि अहिले चर्चामा ल्याइएको छ पदाधिकारीहरुको सेवा सुविधा बारे, पदाधिकारीहरुको सेवा सुविधा भनेको के हो सरकार ? मैले सुनें दलको नेताले पनि भन्नुभयो, हामीलाई वैठकमा छलफलै छैन (माननीय सदस्य समय सकियो) यस्ता कुरा बाहिर किन ल्याइयो भनेर धेरै कुराहरु आएका छन् । राजनीति भनेको पेशा हो ? समाजसेवा होइन, जसले राजनीतिलाई पेशा बनाउँछ र समाज सेवामा परिणत गर्न सक्दैन उसका लागि यो विषय हुन सक्छ । हाम्रा विगतका हाम्री दलका नेतालाई जोडेर ल्याइएको हामीले समर्थन गर्न सक्दैनौं भन्ने लागेको छ । अनि अर्को कुरा इम्वोस नं. भनेर आएको छ नेपाली जनतालाई पटक्कै झुक्याउने काम सरकारले नगरोस् । सभामुख मार्फत संघीय सरकारलाई यो विषय पुर्याइदिन अनुरोध गर्दै मेरा मेरो आफ्नो भनाई अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री जनक लाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य धनञ्जय दवाडी ।

**माननीय जनक लाल श्रेष्ठ**

माननीय सभामुख महोदय, यस गरिमामय गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङद्वारा २०७९ जेठ २४ गते प्रस्तुत गर्नुभएको आ.व. ०७९/८० को नीति तथा कार्यक्रमको दोस्रो दिन जेठ २७ गतेको कार्यक्रममा भाग लिने मौका पाएको छु ।

सभामुख महोदय, नीति तथा कार्यक्रमलाई गहन अध्ययन गर्ने जमर्को गरें । साच्चै भन्ने हो भने बुँदा १ देखि २८६ नं. सम्म यहाँ कार्यक्रम आएको छ । यो मैले के महसुस गरें भने, अग्रगामी छलाङग लगाएको महसुस भइराखेको छ । भन्न खोजेको के हो भने कति प्रशिक्षित भइसकेको रहेछ गण्डकी प्रदेश भन्ने कुरामा यहाँ प्रष्ट्याउन चाहन्छु । कसरी कार्यान्वयन गर्न लागेको छ गण्डकी प्रदेशमा भन्ने प्रदर्शन गर्न लागेको । मैले अध्ययन गरें, यो हाम्रो गण्डकी प्रदेश सरकारले गर्नु पर्ने कामको बुँदागत रुपमा प्रस्तुत गर्न खोज्नुभएको छ ।

यस गण्डकी प्रदेशका जिल्लालाई समेटेर योजना बनाउन खोज्नुभएको छ तर अमूर्त रुपमा प्रस्तुत गर्नुभएको मलाई महसुस भएको छ किनभने जुन कार्यक्रम ल्याएको छ यसभित्र बजेट भाषण आउने छ, बजेट भाषणले हामीलाई कति समेट्न सक्छ कि सक्दैन भन्ने कुरा हो । मलाई विगतको सालको याद आएको, DPR भएको छ १ करोड ६२ लाखको योजना छ, कार्यक्रम आएको छ त्यो ५ लाखको । यो मुख्यमन्त्रीलाई पनि मैले भनिसकेको थिएँ यसमा के कार्यक्रम आँउछ भनेर । मलाई यही लागेको छ अहिले पनि सायद विकास हुने, अनि योजना नआउने किनभने अनि ५ लाख, १० लाखको किन भने अहिले बजेट आउने किनभने हाम्रो बजेट भाषणले बजेट आउने हिसावले किनभने यो बुँदामा कुनै विरोध गर्दिन मैले । इमान्दारीका साथ यो प्रदेशलाई अगाडि बढाउनका निम्ति तपाईंहरुले ल्याउनु भएको नीति तथा कार्यक्रम छ, सबै काम गर्न सकियो भने त त्यो भन्दा राम्रो काम अरु छँदैछैन । कुन बुँदा काट्ने छ यहाँ ? यहाँ साथीहरुले बुँदा बुँदाको व्याख्या गर्नुभयो । मलाई पुरा बुँदा राख्न मन लागेको छ, कुनै कहीं काट्न मन लागेन तर कार्यान्वयन हुन्छ कि हुँदैन ? गएको जस्तो हिसावमा हुन्छ कि हुँदैन ? DPR गर्न भनेर छुट्याएको पैसा आज DPR भएको छैन । भन्न खोजेको के हो भने, सपना बाँड्न साह्रै सजिलो हुन्छ त्यसलाई कार्यान्वययन गर्नको निमित्त हामीले वहुत सोच्नु पर्ने हुन्छ ।

हामी यो प्रदेशको पहिलो सांसद पनि हौं । हामीले गरेको कामको मात्र मूल्यांकन हुने छैन यहाँ, यो निरन्तर कसरी जान्छ भन्न मिल्छ यहाँ, प्रत्येक हामीले बोलेका शब्दहरु, शब्द शब्दमा यहाँ समावेश गरेर बसेको छ यहाँ । हाम्रो कार्यकालमा काम कसरी

भएको छ, कसरी हुँदैछ भन्ने कुराको मूल्यांकन पनि आउँदो साथीहरुले गर्नु हुनेछ । यसर्थ एउटा साथीको गल्तीले हामी सबै माननीयको इज्जत जाने काम नहोस् । एउटा राम्रो काम भयो भने अहिले त्यो मुख्यमन्त्रीले राम्रो काम गर्यो भने यो गण्डकी प्रदेशको इज्जत रहन्छ, त्यसको भागिदार हामी पनि हुन्छौं तर मैले के भन्न चाहन्छु भने यो सरकार फेल भयो काम गरेन भन्दा खेरी त्यसको जिम्मेवारी हामीले लिनु पर्छ । त्यसकारण म के भन्छु भने, यो कार्यहरु गर्दाखेरी, सोच्दाखेरी कसरी जानु पर्छ भन्ने कुरामा अलि सोच्नु पर्छ जस्तो मलाई लाग्दछ ।

अर्को कुरा प्राथमिकताको मुख्य आधार निर्धारण गरिएको देखिएन, त्यो तपाईंको १ देखि भएको छ तर यो काम यसरी गरें है भनेर मुख्य मुख्य काम यो है भनेर गर्नु पर्छ । बुँदा जम्मै ठिक छ तर कुन बुँदाका खास प्राथमिकतामा जाने के हो त यसलाई ? कसलाइ दिनेको प्राथमिकता ? यहाँ मैले पाइनँ । खाली शब्दका नाममा मात्र प्राथमिकताका आधारमा बुँदाहरु दिइएको छ अनि के भनिएको छ, संचालन गरिने छ, प्रबन्ध गरिने छ, प्रारम्भ गरिने, आरम्भ गरिने छ, स्थापना गरिने छ, स्तारोन्नति गरिने छ, स्थापना गरिने छ भन्ने शब्दजाल राखिएको छ । हामीले यसो गर्यो भन्नेतिर जानु पर्छ, ठोस नीतिमा जानु पर्छ । यसकारण मलाई के लाग्छ भने, मलाई विगतको याद आइरहेको छ । त्यो बेलामा ०७८/७९ को वार्षिक विकासको कार्यक्रमको विशेष गहन छलफल गर्न हामीले पनि पाएका थियौं, त्यो योजना किन यस्तो भयो ? कार्यक्रम योजना आएको किन काट्नु भयो भन्ने प्रश्न गर्दा हामी हतारमा थियौं, सबै कार्यक्रम यो बजेट भ्याउन सकेन, नसक्दाखेरी हामीले कुनै योजना काटेका छैनौं है ।

अनुसूची १, २, ३ गरेर राखेका छौं हामीले । त्यसरी काम गर्ने भनेर छलफलमा राखेका छौं हामीले भनेर भन्नुभयो । साँच्चै त्यो बजेटमा कामहरु के के भए ? अहिलेको बजेटमा ती जसरी अनुसूची १ को मा ५१७ वटा योजना छ त्यहाँ, त्यो भित्र हामीले कति ल्यायौं? नीति कार्यक्रमा आउने बजेटमा समावेश गर्छ कि गर्दैन ? अनुसूची २ मा ११५ वटा डिपिआर गर्ने भनिएको छ, डिपिआर भयो कि गरेन ? अनुसूची ३ मा ४०७ वाट योजनाका लागि पूर्व तयार Pre DPR गरिने छ भनेर त्यो कितावमा लेखिएको छ । यसलाई कार्यान्वयन गरिएको छ कि छैन । अब आउने बजेटले नीति कार्यक्रमलाई

त्यसलाई कार्यान्वयन गर्छ कि गर्दैन यो प्रश्नको कुरा हो । किनभने यो प्रष्ट कुरा । यही सरकारले गरेको होइन ? यही सरकारले निकालेको होइन यहाँ यी बुँदाहरु? अनुसूची १,२,३ अब यसले कार्यक्रम कसरी गर्छ कुरा बजेट भाषणमा हामीले सुन्दैछौं ।

सभामुख महोदय, मलाई खुशी लागेको छ । मेरो जिल्ला नवलपरासीको मुख्यमन्त्री पाएको छु । अब हामी ५ जना सांसद पाएका छौं । म साह्रै खुशी छु के कुरामा भन्नुहुन्छ भने, मध्यविन्दु जिल्ला अस्पताल स्थापना, सामुदायिक अस्पताल थियो पछि जिल्ला अस्पताल बनाइयो र २०७६/७७ र २०७७/०७८ मा हामीले मृगौला फेल भएकाहरुका लागि निमित्त डायलोसिस गर्ने कार्यक्रम त्यहाँ गर्ने भन्ने लक्ष्य थियो र ०७८/७९ मा डायलिसिस गर्नु पर्ने मेसिन अलपत्र भएर बसेको छ । अहिले पनि त्यही नाम आइराखेको छ । त्यही मोतिविन्दुको कुरा हो, जहाँकि हाम्रो मुख्यमन्त्रीको जिल्ला। कहाँ के भएको छ कहाँ के गरिएको छ भन्ने कुरामा मैले बुझ्दाखेरी यो दुई जना फिजिएसन तालिम प्राप्त गर्नु पर्ने रहेछ, त्यो फिजिएसन तालीम गरी गर्नु पर्नेमा त्यो अहिलेसम्म भएको छैन । यदि हामीले त्यो काम गरेको भए के काम गर्नु पर्ने नवलपुरमा हामी डायलेसिस एउटा मृगौला फेल भएकोलाई काम गर्छौं भनेर कुरा बुझ्दा आज आज त्यो पनि भएको छैन । त्यति मात्र होइन त्यहाँ के भयो भने अस्पतालमा यो १५ शैयाको अस्पताल अहिले ५० शैयाको अस्पताल भएको छ ।

एउटा लक्ष्य कानुनमा के राखेको रहेछ भने ONM भन्ने नियममा लागु हुनेछ, त्यहाँ प्राविधिकहरु गएर जाँच गरेर, त्यो आवश्यकको लागि कति दरवन्दी छ ? त्यसले निर्धारण गरेको छैन अनि हामी भन्छौं आजसम्म त्यो काम भएको छैन । अनि हामी भन्छौं डायोलिसिस गर्छौं भनेका छौं राख्न त तीन वर्ष भयो राखेको भनेको छ, एक वर्ष भयो हाम्रो जिल्लामा ४—४ वटा मिशिन फालेर राखेको छ, आज खोई प्रविधिकबाट गराइएको काम ? हामीले के भन्ने त्यहाँ ? जिल्लामा गएर के भन्ने ? मुख्यमन्त्रीको नाताले । हाम्रो जिल्लामा ४—४ वटा मिशिन फालेर राखेको तर फिजिसियन मार्फत गर्नु परेको छ भन्नु परेको छ । त्यतिमात्र होइन, मलाई अर्को याद आयो हामी डेलि के भन्छौं भने नाईल नदीको किनारबाट गैडाकोट देखि त्रिवेणीसम्म बाटो DPR गर्ने त्यहाँ होमस्टे संचालन गर्ने, त्यहाँ हामीले पर्यटनलाई जाने काम भनेका छौं, परिचालन गर्ने

भनेका छौं तर त्यसरी गरिने छ भन्ने कुरामा यो बुद्धा नं. ६१ मा सबै समेटेर राखेको छ ।

यो त्रिवेणी भनेर राखिएको छ, बाटो भनेर राखेको छ । तर ठोस नीति के हो त खाई ? अब हामीले राष्ट्रिय निकुञ्जबाट, वफरजोनबाट, जो बाटो अहिलेसम्म हामीले DPR गर्न पाएका छैनौं खोइ त ? २ वर्षमा काम गर्छौं भनेका छौं, त्यस्तो काम अहिलेसम्म भएको छैन । मैले त भन्न खोजेको कुरा के हो भने, भनेर अब हामी अन्त्य अन्त्यमा गइराखेका छौं । म के भन्छु भने राम्रो गर्न खोजेका थियौं, मुख्यमन्त्री हुनुहुन्छ भनेर लाग्दै विदा हुन्छ । हस् त, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, गण्डकी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुख माननीय पृथ्वीमान गुरुङबाट प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रमको छलफलमा हामी छौं । यो छलफलमा आफ्नो विचार राख्नु अघि हिजो रातीको वर्षाले पृथ्वीराजमार्गको सडक भत्किएको छ । नेपाल राजधानीसँग प्रदेश सरकारको सम्पर्क विच्छेद भएको छ । यसले पार्न सक्ने प्रभावलाई यो सडक सुचारु गर्न सरकारसँग माग राख्दछु । यसले धेरै क्षति भएको कुरा सभामुख मार्फत अनुरोध गर्न चाहन्छु । प्रदेश नीति तथा कार्यक्रममा आफ्ना कुरा राख्न लागिरहँदा मलाई हाम्रो देशका नामुद साहित्यकार, कलाकार मनोज बावु मिश्रको एउटा भनाई याद आउँछ । उहाँले भन्नुभएको थियो, एउटा क्यानभासमा सबैले चित्र कोर्न थालेपछि त्यो सुन्दर होइन, कुरुप बन्छ । सम्भवतः प्रदेश सरकारको यो नीति तथा कार्यक्रमले सुन्दरताको सबैले त बनाउन त सुन्दरै बनाउन खोजेको सुन्दरता प्रतित्व गर्न खोजेको जस्तो लाग्दैन, देखिदैन । बजेटमाथिको सिद्धान्त र प्राथमिकतामा छलफलका क्रममा मैले केही कुराहरु उठान गरेको थिएँ र म त्यही कुरामा आफूलाई अगाडि राख्न चाहन्छु ।

सभामुख महोदय,  यो सरकारले गण्डकी प्रदेशलाई समृद्ध बनाउने आफ्नो यात्रालाई कसरी तय गरेको छ ?  फेरी पनि मेरो प्रश्न त्यहीँ छ । सिद्धान्त र प्राथमिकताको कुरा गरिरहँदा सम्भवत नीति कार्यक्रम हुँदा यो यो विन्दुमा टेकेर, यो यो जगमा रहेर हामीले गण्डकी उठाउने छौं । गण्डकीलाई उँचो बनाउँछौं भन्ने तरिका आउँछ भन्ने मैले अपेक्षा गरेको थिएँ वास्तवमा त्यस्तो भएन । यो वितरणमुखी र यो त्यो पनि भेला, गोष्ठी गर्ने र मन्त्रीहरुलाई प्रमुख अतिथि बन्ने कार्यक्रमका हिसावले यो नीति तथा कार्यक्रम आएको छ। प्रत्येक ठाउँमा यस्ता चिजहरुलाई राखेर हामी हाम्रो समृद्धिको यात्रालाई अगाडि लान सक्दैनौं । यो दुःखद नीति तथा कार्यक्रम गण्डकीमा अहिले हामीले भोग्यौं । विगतमा नेपालको राजनीतिमा हामीले बारम्वार भोग्यौ । जतिबेला नेपालमा एउटै दलको स्पष्ट दल भएन । बारम्वार दलहरु  बिचको  गठवन्धन फेरिने क्रममा सरकारहरु बदलिई, नेपालको प्राथमिकता पनि बदलियो, विकासको कार्यक्रम बदलियो, बजेटहरु बदलिई सबै तहस नहस भयो र बजेटले सही बाटो लिन सकेन, विकासले गति लिने सकेन । त्यही  कारणले हामीले के भन्यौं यो मुलुक स्थिर सरकार दिनुपर्दछ ।

बलियो सरकार दिनु पर्दछ, वहुमतको सरकार दिइनु पर्दछ, उसले बनाएको नीति तथा कार्यक्रमको आधारमा मुलुकलाई अगाडि लैजानु पर्छ भनेर अघिल्लो निर्वाचनको क्रममा हाम्रो पर्टीले यो कुरालाई आम जनताको बिचमा राखेर हामी आएका थियौं तर दुर्भाग्यवस, त्यो गठवन्धनलाई, त्यो योजनालाई, त्यो कार्यक्रमलाई, त्यो घोषणापत्रलाई सँगै लिएर जान सक्ने तागत र विश्वास निर्माण गर्न नसक्दा आज हामी यो दुर्घटनामा पर्नु परेका छौ, आज हामीले कि ३ वर्ष सम्म एउटै बाटोमा हिंड्यौं बाँकी रहेका २ वटा हिजो हिंडिरहेका बाटोलाई बारम्बार मेटयौं हिंड्दैछ पाइला मेट्दै छ भनेर हामी अगाडि लैजान सक्दैन । निर्धारण गर्न  सक्दैन । अघिल्लो सरकारहरुले प्रारम्भ गरेको एक निर्वाचन क्षेत्र एक सडकलाई पूरा नगरेर एक निर्वाचन क्षेत्र एक कृषि सडक बाटोबाट जब हामी हिंड्छौ हरेक साल सालबसाली बजेट सृजना गर्छौं त्यसलो  के गर्छ भने फेरी उपभोक्ता समिति बनाऊँ, फेरी डिपिआर गर, फेरी अरु खालका चालु खर्चमा पैसा खर्च गर तर पूँजीगत विकास नगर भन्ने बाटोमा लैजान्छ । यो हाम्रो विकासको सबभन्दा धेरै दुर्भाव्यपूर्ण पाटो हो ।

विगतमा हामीले व्यहोरेर आएको पाटो हो । लेख्न त धेरै कुरा लेखिएको छ गजवको भनेर माननीयज्यूले भन्नुभयो । सायद राजा  महेन्द्र यहाँ छैनन् उनी विकासको मूल फुटाउने कुरा गर्थे । राजा वीरेन्द्र छैनन् नेपालमा यहाँ किनकि उनी एशियाली मापदण्डमा पुर्याउने भन्थे । तर खोइ त भएन केही पनि ?  त्यसकारण यी सबै चिजहरु नहुने कुराहरु नहुने कुराहरु राखेर हामी जान खोजिराखेका छौं । सबै कुरा भेटिन्छ, पाइन्छ भनेर हेर्न खोजियो यो हाम्रो निमित्त दुर्भाग्यको कुरा हो । त्यसकारणले प्राथमिकता नै तय नभएको, प्राथमिकता नै किटान नगरिएको बाटोबाट हिँडेर हामीले यो प्रदेशलाई कुन बाटोमा लान सक्छौं भन्ने छलफल गर्न किन जरुरी छ त भन्दाखेरी योसंसद सम्भवत अन्तिम सत्र हो । यी ५ वटा नीति योजनाहरुमा छलफल गरिरहँदा प्रत्येक माननीयज्यूहरुलाई मेरो आग्रह छ, सरकारलाई पनि आग्रह छ, हरेक नीति कार्यक्रममा हामीले छलफल गर्दा हामीले कुन कुरामा दिशा निर्दिष्ट गर्यौं ? हामीले नेपाली गरीवि हटाउनका लागि, नेपालको समृद्धी प्राप्त गर्नका लागि, नेपालमा अर्थतन्त्रको सुदृढीकरणका लागि हामीले के गर्यौं ? हामी विप्रेषणको अर्थतन्त्रबाट बाँचिरहेकाहरु, अहिले पनि हामीले कृषिलाई अर्थतन्त्रलाई अगाडि लैजान सक्छौं भनेर कृषिमा जोड दियौं भनेर भनिराख्नु भएको छ ।

अहिले पनि हामी अर्थतन्त्रमा कृषिको समर्थन भनेको कृषि जिडिपीमा लगानी भनेको ३० प्रतिशत मात्रै हो नि ७० प्रतिशत त अरु पक्षमै छ नि । अहिले पनि हामी औद्योगिक क्षेत्रबाट लगानी हुँदैन । हामीले विदेशी मुद्रा ल्याउने मात्रै एउटा माध्यम हो । अहिले पनि हामीले श्रमशक्तिलाई विदेशमा पठाएर प्राप्त गर्ने गरेका छौं । श्रमशक्तिलाई विदेशमा पठाएर गरेको अर्थतन्त्रले हामीले आफ्नो बाटो सुदृढीकरण गर्न सक्छौं । हामीले यतिबेला आफ्नो अर्थतन्त्रलाई जगेर्ना गरेर, जोगाएर हाम्रो योजनाहरुलाई पूरा गर्नुपर्दथ्यो । हिजो हामीले प्रारम्भ गरेका १ निर्वाचन १ सडक अहिले पाचौं वर्षमा आइपुग्दा सकिने चरणमा पुग्नुपर्दथ्यो । कमसे कम हामीले ३६ वटा सडकके हामीले पूरा गर्यौं भन्ने कुरामा हामीले गर्व गर्न सक्थ्यौं । यसो ग्रामीणसँग हाम्रा गाउँपालिका र नगरपलिकालाई शहरसँग जोडिने हामीले प्रारम्भ गर्न सक्थ्यो ।

यसो गर्दा गाउँपालिका केन्द्र र नगरपालिका केन्द्रहरु नयाँ शहरका हिसावले विकास हुन्थ्यो त्यहाँ आर्थिक हुन्थ्यो । हिजो हामीले भनेको होमस्टेका कुरा गर्यौं प्रत्येक होमस्टेबाट एउटा आर्थिक हिसावले विकास हुन सक्थ्यो । अरु गाउँहरुलाई होमस्टेमा खर्च हुने साधनहरु उत्पादनमा लगाएर कृषिमा लगाएर आज त्यहाँ बेच्ने गरेर विकास हुन सकेन । आज हामीले यो सबैलाई नष्ट गर्यौं । यो बाटो हिँड्न चाहेनौ, यो बाटो हिँड्न छोडेर कुन बाटो अख्तियार गर्यौं भनेर हरेक साल एउटा माननीयको मागमा, एउटा पालिकाको नाम, एउटा योजनामा १० लाख, ५ लाख, १५ लाख छुट्याउने, उपभोक्ता समिति भने डोजर लगाए बाटो बनाउने कुराले प्रकृतिको दोहोन गर्यौं, जलवायुको यत्रो उथुल पुथलको अवस्थामा हामीले हाम्रो भूवनोटको ख्याल गरेनौं, भूवनोटको क्षति गर्यौं, भूवनोट क्षति र ध्वस्ततता हामीलाई ध्वंसको बाटोमा हिँडाउछ, निर्माणको बाटोमा होइन।

जब सरकार नै ध्वसंको बाटोमा हिँड्ने नीति कार्यक्रम ल्याउँछ भने यो सरकारले निर्माण गर्छ, कसरी विकास गर्छ भन्ने कसरी हुन सक्छ ? आम जनताले कसरी विश्वास प्राप्त गर्न सक्छन् ? र हाम्रो संघीयतालाई बलियो बनाउन सक्छौं । संघीयताको प्रभावकारिता भनेको हाम्रो प्रवचनबाट होइन, हाम्रो भाषणबाट होइन, हाम्रा लेखनबाट होइन, हाम्रो कार्यसम्पादनबाट हुन्छ । हामीले संघीयताको कार्यसम्पादन कति प्रभावकारी ढंगले गर्यौं भन्ने प्रश्न हाम्रो ज्वलन्त प्रश्न हुन् । मैले अघिल्लो पटक बोलेको जस्तै यही नीति र प्राथमिकतामा भने जस्तै दवंगमा मुन्नि से वदनाम भए जस्तै आज सरकारले आफैलाई वदनाम हुने कार्य किन ल्याइरहेको छ ? सरकार आफैलाई वदनाम हुने मात्रै होइन उसले यो संसदलाई नै वदनाम गर्छ, संघीयतालाई वदनाम गर्छ, संघीयतालाई वदनाम गर्नु भनेको हाम्रो संविधान प्रतिको अपनत्व नस्वीकार्नु हो । संविधानका जबसम्म हामीले अपनत्व स्वीकार्दैनौं संविधानले तोकेको प्रथमिकतालाई हामीले किटेर योजना बनाउँदैनौं तब संविधान प्रतिको अपनत्व टुट्दै जान्छ र संविधानको देहावसान हुन्छ ।

यस्तो कल्पना हामी नगरौं । यसरकाण संविधानको रक्षाको लागि संविधानले तोकिएको लक्ष्यहरु प्राप्त गर्नका लागि, उपलव्धिहरु प्राप्त गर्नका लागि हाम्रा लक्ष्यहरुलाई किटान गर्नु पर्छ भन्ने मेरो धारणा छ, दृष्टिकोण छ यो धारणा र दृष्टिकोण म छलफल गर्न पनि तयार छु भन्ने कुराहरु पनि यहाँहरुलाई राख्न चाहन्छु । त्यसकारणले वर्तमानमा हाम्रो

जे संकट देखिएको छ, यो वर्तमानमा देखिएको संकटलाई राज्यको असमान्य नीतिका कारण यो संकट देखिएको छ । उतार चढाव हुने नीतिले संकट देखिएको छ । त्यसकारणले राज्य यो निश्चित बाटोमा, निश्चित दिशामा हिंड्न भन्ने कुरालाई हामीले व्यवस्थित गर्नु पर्छ । त्यसकारण नीति कार्यक्रममा तित लालित्यपूर्ण शब्द राखेर पनि के हुन्छ र ? एकैछिन नारा लगाएर के हुन्छ र ? हामी गर्नुपर्ने काम हो । तपाईंले बजेट ल्याउँदा ३२—३४ अरबको ल्याउनुहोला, आधि बजेट तपाईं चालु वर्षमै खर्च गर्नुहुन्छ, तपाईंका के के दायित्व छन् पूरा गर्नु पर्ने, योजना वहुवर्षिय योजना छन् त्यसमा खर्च गर्नुपर्ला, तपाईंसँग कति पैसा बाँकी रहन्छ ? र यी कार्यक्रम तपाईंले पूरा गर्नुहुन्छ ? यी कार्यक्रम पुरा गर्ने सक्ने तागतका साथ ल्याउनु भयो भने उपयुक्त हुन्छ । त्यसैले आफू जहाँ छौं त्यही पूरा गयौं भने, हामी आफ्नै खुट्टामा टेकेर, जगमा टेकेर उभिन सक्यौं भनेर संभवत हामीले लक्ष्य भेट्न सक्छौं ।

सबैले थाहा भएको कुरा हो २०३० सम्म हामीले आधारभूत तहमै हामीले पूरा गर्नु पर्ने दायित्व र जिम्मेवारी छन् । अनि त्यो दायित्व र जिम्मेवारीबाट अनि त्यो दायित्व र जिम्मेवारीबाट विमुख भएर अनि शिक्षाका कुरामा, स्वास्थ्यको कुरामा, खानेपानी र विकासका कुरामा, पोषणका कुरामा, हामीले आफुनो ध्यान केन्द्रित नगरेर हाम्रो ध्यानलाई सबैतिर छरलेर लक्ष्य किटान नगरेरे छरलेको ध्यानले हामी २०३० सम्म दिगो लक्ष्य विकास गर्ने ठाउँमा पनि पुगेनौं । दिगो विकास लक्ष्य पूरा गर्ने भने त समाजवादमा जाऔं भनेको होइन नि । समाजवादको बाटोमा हिंडौं भनेको पनि होइन । दीगो विकासको लक्ष्य आज विश्वका सबै गरीव मुलुकहरुलाई अति कम विकसित मुलुकबाट विकाशशील मुलुकमा उठाउँ भनेको हो त्यति मात्रै हो । तर. तपाईं सरकारमा त प्रजातान्त्रिक समाजवादको विश्वास गर्नेहरु पनि हुनुहुन्छ, समाजवादको विश्वास गर्ने पनि हुनुहुन्छ, वैज्ञानिक समाजवादबाट विश्वास गर्नेहरु हुनुहुन्छ ।

अनि तपाईंका यी विश्वास, यी सिद्धान्त के कानमा लगाउने कुण्डल मात्रै हुन् ? कि यो योजनामा, जीवनमा रुपान्तरित पनि हुनुपर्छ ? सिद्धान्तलाई, नीतिलाई टेक्नुपर्छ कि पर्दैन ? नीतिहरुलाई कार्यक्रमले बजेटलाई लिनु पर्छ कि पर्दैन त्यो बाटोमा हिंड्नु पर्छ कि पर्दैन? जब आफैले लिएको विश्वासप्रति, सिद्धान्तप्रति धावा बोलिन्छ, आफैले लिएको

विश्वासमाथि विश्वाशघात गरिन्छ तब हाम्रा राजनैति, हाम्रा निष्ठा, हाम्रा काम र कारवाहीहरु केका निम्ति भनेर प्रश्न उठ्छ । त्यसकारले हामी गण्डकी प्रदेशका प्रत्येक माननीयले गर्वका साथ भन्न सक्ने कुरामा मात्र हामी लागौं भन्ने आग्रह गर्न चाहन्छु । प्रदेश सरकारले जुन यो नीति कार्यक्रम ल्याएको छ, यो ल्याउनलाई ल्याएको हो त्यो पूरा गर्न होइन । ल्याउनु पर्ने थियो ल्यायो । किनभने आज टेक्निकली भन्ने हो भने गण्डकी प्रदेश सरकार फेल छ। गण्डकी प्रदेश सरकारसँग वहुमत छैन । त्यसकारण तपाईंको भविष्य छैन भने यही भविष्यहीन बाटोमा हिंडेपछि दुर्घटनामा जानु स्वभाविक छ ।धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७९ साल २ महिना २९ गते ११ बजे सम्मको लागि स्थगित हुन्छ ।